"अनिच्चावत संखारा उप्पादवय धम्मिनो"

# गुणको पूजा

(आराध्य देवदेवीहरुको गुणानुस्मरण गरौं)



## दिवंगत रामराज ताम्राकार

(वि.सं. १९८६ - वि.सं. २०६७)

प्रकाशिका दाता
निर्मला ताम्राकार

संकलक, सम्पादक र प्रस्तोता
दोलेन्द्ररत्न शाक्य

Downloaded from http://www.dhamma.digital

## प्रस्तोता श्री दोलेन्द्ररत्न शाक्यका प्रकाशित कृतिहरु



| क्र.सं. | पुस्तकको नाम | प्रकाशित साल | प्रकाशक |
| --- | --- | --- | --- |
| १) | आनापान-स्मृति-भावना | २०४२/२०४९ | स्वयं |
| २) | सद्धर्म के, किन र कसरी ? | २०५५/२०५८ | YMBA |
| ३) | सम्मादिट्ठि दीपनी | २०५८ | कृष्ण बहादुर नकर्मी |
| ४) | बुद्धोपदेशित-धर्म | २०५८ | कृष्ण, सरस्वती र जयराम |
| ५) | विशाखा-चरित्र | २०५८ | कृष्ण बहादुर नकर्मी |
| ६) | पटाचारा (समाविष्ट) | २०५९ | |
| ७) | महासतिपट्ठानसुत्त | २०५९ | कृष्ण बहादुर नकर्मी |
| ८) | अंगुलीमाल | २०५९ | कृष्ण बहादुर नकर्मी |
| ९) | प्रज्ञा-प्रदीप (प्रथम संस्करण) | २०५९ | सरस्वती, माधुरी र जयराम |
| १०) | प्रज्ञा- प्रदीप (द्वितीय संस्करण) | २०६० | श्रद्धामान शाक्य र विद्या शाक्य |
| ११) | धर्म-रस | २०६० | ठाकुर व्यास खत्री |
| १२) | धर्मप्रीतिका तरङ्गहरू | २०६१ | ज्ञानज्योति, विष्णु र अन्य |
| १३) | विपश्यना-ध्यान-साधना | २०६२ | बेतिमाया शाक्य (पौसा) |
| १४) | प्यंगू आर्य-सत्य | २०६३ | स्वयं र चित्ररत्न शाक्य |
| १५) | हीराशोभा रहिनन् | २०६३ | स्वयं |
| १६) | धर्मको धर्म | २०६४ | सरस्वती श्रेष्ठ |
| १७) | प्रेमपूर्ण जीवन र सुखद् मृत्यु | २०६४ | दुर्गादास रंजित |
| १८) | विमुक्ति-रस | २०६४ | हेराकुमारी शाक्य र परिवार |
| १९) | समता-धर्मको पालना | २०६४ | महेन्द्र, वीरेन्द्र र संगीता |
| २०) | चार आर्य सत्य | २०६४ | हरिभक्त रंजितकार |
| २१) | महासतिपट्ठानसुत्त (दोस्रो संस्करण) | २०६५ | रत्नदेवी तुलाधर |
| २२) | जिज्ञासुका लागि: बुद्ध-शिक्षा | २०६५ | रामगोविन्द राजकर्णिकार |
| २३) | बुद्धकालीन १२ सान्नारीहरू | २०६५ | मोक्षदेवी राजकर्णिकार |
| २४) | निर्वाण के हो ? | २०६६ | नानी मय्जु शाक्य |
| २५) | "जरापि दुक्खा" | २०६६ | चित्ररत्न शाक्य र विद्या शाक्य |
| २६) | समस्याउपर कसरी विजय पाउने ? | २०६७ | सरस्वती श्रेष्ठ |
| २७) | उत्तमपुरिस दीपनी | २०६७ | ठाकुर व्यास खत्री |
| २८) | उज्यालो क्षितिजतिर | २०६८ | मदनबहादुर बज्राचार्य |
| २९) | अनुपम नगरीमा धर्म-सन्देश | २०६८ | सरस्वती, लक्ष्मी, वेखा, संगीता, दशलाल, दधिराम, रोशनी |
| ३०) | गुणको पूजा (तपाईको हातमा) | २०६८ | निर्मला ताम्राकार |

### प्रस्तोताका प्रकाशनको प्रतिक्षामा रहेका पुस्तकहरु

१) बुद्ध-शिक्षा: निचोडमा  २) जीवनमा सद्धर्मको भूमिका  ३) आर्या

Downloaded from http://www.dhamma.digital

यो वे पस्सति सद्धम्मो, सो मं पस्सति पण्डितो ।
अपस्समान सद्धम्मो, मं पस्सन्ति नपस्सति ।।

जसले सत्य-धर्मलाई जाने बुझेको छ,
त्यस्ता ज्ञानीले मात्र मेरो (भगवानको) दर्शन पाउँछ ।
सत्य-धर्मलाई नजानेका र नबुझेकाले मलाई (भगवानलाई)
देखेर पनि दर्शन पाउन सक्दैन ।

# गुणको पूजा
(आराध्य देवदेविहरूको गुणानुस्मरण गरौं)



दिवंगत रामराज ताम्राकार
जन्म – वि. सं. १९८६ आश्विन अष्टमी
दिवंगत – वि.सं. २०६७ पुस त्रयोदसी

संकलन, सम्पादन र प्रस्तुति
दोलेन्द्ररत्न शाक्य
चाकुपाट, ललितपुर, नेपाल ।
(हाल – दथुलँ, शंखमूल, ललितपुर ।)
फो. नं. ५००६५४०

Downloaded from http://www.dhamma.digital

प्रकाशिका दाताः निर्मला ताम्राकार
कुमारीपाटी, वडा नं. १९, ललितपुर ।
फो नं. ५५२५४८७

पुस्तकको नाम – **'गुणको पूजा'**

(गुणानुस्मण नै पूजाको परिचायक हो ।)

संकलक, सम्पादक एवं प्रस्तोता

**दोलेन्द्ररत्न शाक्य**

दथुलँ, शंखमूल, ललितपुर

फो. नं. ५००६५४० / ९७४१-०५७७८५

**प्रकाशन साल –**

वि. सं. २०६८ कार्तिक    बु. सं. २५५५

ने. सं. ११३२ कछलागाः    ई. सं. २०११ नभेम्बर

**प्रकाशन** – प्रथम संस्करण १००० प्रति


सर्वाधिकार प्रस्तोता एवं प्रकाशिकामा सुरक्षित

(दिवंगत रामराज ताम्राकारको आज बार्षिकीको अवसरमा निःशुल्क धर्मदानको उद्देश्य राखी प्रकाशित)

निःशुल्क धर्मदान

**मुद्रक** – स्पेक्ट्रम अफसेट प्रेस, गणबहाल, काठमाडौं ।
फोन नं. ४२६६९८२

Downloaded from http://www.dhamma.digital



Downloaded from http://www.dhamma.digital

# धर्मोपहार !

हामीले पुज्दैआएका हाम्रा आराध्य देवदेवीहरूमा निहित गुणहरूलाई आत्मसात गरी उक्त गुण आफूमा पनि विकसित गर्न सकेमा पूजा गर्नुको सही अर्थ आउनुको साथै यसबाट आफ्नो जीवनमा पनि कल्याणको कारण बन्ने कुरालाई मध्यनजरमा राखी मेरो अनुरोधउपर अनुकम्पा राख्नुभई कल्याणमित्र श्री दोलेन्द्ररत्न शाक्यद्वारा निर्मित यस पुस्तिकाले कतिपय देवदेवीहरूको गुणानुस्मरण गर्नुको साथै मूर्तिमा पाइने प्रतीकात्मक सन्देशलाई हृदयंगम गर्न सकियोस् भन्ने उद्देश्य बोकी एक नौलो प्रयास र प्रस्तुतिको रूपमा झुल्केको यस पुस्तिका दिवंगत पिता रामराज ताम्राकारको आज वार्षिकीको पुनीत अवसरमा तपाईं सज्जन पाठकवर्गमा धर्मोपहारको रूपमा धर्मदान गर्न पाएकीमा म गौरवान्वित भएकी छु । आसा एवं विश्वास छ, पाठकवृन्दबाट सहर्ष अनुमोदन हुनेछ ।

विनीत

**निर्मला ताम्राकार**


(प्रकाशिका दाता)



Downloaded from http://www.dhamma.digital

# निर्वाण-कामना एवं समर्पण

प्रस्तुत पुस्तकको सम्पादन र प्रस्तुतिको यस अवसरमा म प्रस्तोताको तर्फबाट मेरा प्रातःस्मरणीय दिवंगत पिता



तेजरत्न शाक्य तथा माता ज्ञानकुमारी शाक्य मा

साथै

अत्यन्त गुणोपकारी दिवंगत धर्मपत्नी



हीराशोभा शाक्य मा


जन्म-मरणको चक्रबाट सर्वथा मुक्त रहेको अक्षय सुखको अवस्था 'निर्वाण-पद' शिघ्र प्राप्त होस् भनी निर्वाण-कामना गर्नुको साथै यो पुस्तिका उहाँहरूमा सस्नेह समर्पण गर्दछु ।

पुस्तकका सम्पादक तथा प्रस्तोता
दोलेन्द्ररत्न शाक्य



Downloaded from http://www.dhamma.digital

# <u>निर्वाण-कामना</u>



दिवंगत (जिजु हजुरबुबा)
ज्योतिराज ताम्राकार



दिवंगत (हजुरबुबा)
हर्षराज ताम्राकार



दिवंगत (पिता) –
रामराज ताम्राकार
(वि. सं. १९८६ – २०६७)

दिवंगत (माता) –
शान्तकुमारी ताम्राकार
(वि. सं. १९९३ – २०४८)

वि. सं. २०६७/९/१८ गतेका दिन दिवंगत हुनुभएका अनन्त गुणोपकारी प्रातःस्मरणीय पिता रामराज ताम्राकारको वार्षिकीको यस पावन तिथिमा उहाँ जुनसुकै भवमा रमण गरिरहनुभए पनि सुख शान्तिका साथ रहन पाउन् र धर्ममय वातावरण प्राप्त भइरहोस् भन्ने मंगल-भाव व्यक्त गर्दै जन्म, जरा, व्याधि र मरण धर्मबाट मुक्त रहेको अवस्था 'निर्वाण' शिघ्र प्राप्त गर्न सकून् भनी यो पुस्तिका धर्मदानको रूपमा वितरण गर्दै म पुत्री निर्मलाले प्रकाशिकाको तर्फबाट **'<u>निर्वाण-कामना</u>'** गर्दछु । यसैसाथ हामी निम्नलिखित परिवारका सबै सदस्यहरूले पनि संयुक्तरूपमा उहाँ दिवंगत हुनुभएकाहरूमा सश्रद्धा **'<u>निर्वाण-कामना</u>'** गर्दछौं ।



Downloaded from http://www.dhamma.digital

## निर्वाण-कामना गर्ने परिवारका सम्पूर्ण सदस्यहरू –

### छोरा/बुहारी

१) मदनराज ताम्राकार / कृषालक्ष्मी ताम्राकार

२) अमरराज ताम्राकार / मीना ताम्राकार

३) अमीरराज ताम्राकार / सुजाता ताम्राकार

### छोरी/ज्वाई

१) निर्मला ताम्राकार / जयराम ताम्राकार

२) प्रभा राजकर्णिकार / कपिल राजकर्णिकार

३) तारा शिल्पकार / इन्द्रबहादुर शिल्पकार

४) मीरा शिल्पकार / भेषबहादुर शिल्पकार

### नाति / नाति बुहारी

१) कृतनराज ताम्राकार / विनिषा ताम्राकार

### नातिनी / नातिनी ज्वाईं

१) निर्जला ताम्राकार / डायन् राइट

२) प्रकृति ताम्राकार / सुशील ताम्राकार

३) खुश्बु डंगोल / सुनील डंगोल

४) वर्षा गुरूङ / आशिष गुरूङ

### नाति, नतिनाहरू

निपुणराम ताम्राकार, बादल शिल्पकार, झरना शिल्पकार, रूचि राजकर्णिकार, अमृतराज ताम्राकार, निभा ताम्राकार, सृष्टि ताम्राकार, आंचल ताम्राकार, चाहत राजकर्णिकार, अभयराज ताम्राकार, मेघा शिल्पकार, मेघना शिल्पकार ।

### पनाति, पनातिनीहरू

स्काइ ताम्राकार, सन ताम्राकार, सुखी डंगोल, खुसी डंगोल, आश्रय गुरूङ ।



Downloaded from http://www.dhamma.digital

# प्रस्तोताको प्रस्तुति

मानिसको अनमोल रत्न भन्नु नै प्रज्ञाज्ञान हो । यस रत्नलाई गुमाएर बस्नु मानिसले आफूले आफैलाई नरकको खाल्डोमा जाक्नुजस्तै हो । प्रज्ञा भनेको सही र प्रत्यक्षज्ञानलाई भनिन्छ । प्र = प्रत्यक्ष र ज्ञा = ज्ञान । भन-सुन गरेर, लेख-पढ गरेर अनि कोरा तर्क-वितर्क गरेर पाएको ज्ञान मूलतः आफ्नो होइन । त्यसबाट प्रेरणा त मिल्छ तर त्यस ज्ञानलाई आफ्नो विवेकले केलाई, अनुभूतिको कसीमा घोटी सही ठहरिएमा स्वीकार गर्नुपर्दछ अनिमात्र त्यो ज्ञान फलदायी हुनसक्छ । अतः अनुभवमा खरो उत्रेको ज्ञानलाई नै प्रज्ञा भनिन्छ ।

मानिस चेतनशीलमात्र होइन, विवेकशील प्राणी पनि हो । परम्पराका सबै नै कुरा आज आएर सही नै हो भन्न सकिरहेको अवस्था छैन । कति कुरा त परिवर्तन र परिमार्जन गर्नु नै पर्ने भइसकेका छन् । कुन सही हो र कल्याणकारी हो, कुन गलत र अकल्याणकारी हो, त्यसको मूल्यांकन सहीरूपमा गरेर कल्याणकारी तत्वलाई मात्र स्वीकार्ने विवेक मानिसमा भएमात्र मानव जीवन सार्थक बनाउन सकिन्छ । यस प्रसंगमा धर्मलाई पनि सामेल गराई हेर्ने बेला आइसकेको छ । धर्मको आडमा अधर्मले प्रश्रय नपाओस् !



Downloaded from http://www.dhamma.digital

मूलतः धर्म के हो, धर्म किन चाहियो र कसरी धर्म गर्ने भन्ने विषयको ज्ञान नै आज अपरिहार्य हुन आएको छ । धर्म चाहिएको नै दुःख-मुक्तिको लागि हो । साँचो अर्थमा धर्मलाई नजान्दा र धर्मको नाउँमा अनेक थरीका कामकुरामा अल्मलिंदा धर्मको ठाउँमा अधर्म हुनजाने सम्भावना तड्कारो छ जुन आज हामीले धर्म गर्ने भनेर गर्दैआएका कतिपय विधि व्यवहारले पनि देखाइरहेको छ ।

यसै सन्दर्भमा यस पुस्तिकाका प्रकाशिका बहिनी निर्मलाले एकदिन धर्मकै सन्दर्भमा चर्चा हुँदा धर्मको नाममा देवदेवीहरूलाई किन पुज्दैआएका होलान् भन्ने जिज्ञासा राखिन् । उत्तर दिने क्रममा मैले भनें, "पूजा भनेको त कल्याणकारी गुणलाई मान्नु वा आदर सम्मान गर्नु हो, त्यस्तो गुणले आफू पनि सज्जित हुनु हो, आफूमा भएको अज्ञानतालाई निकाली फाल्नु हो, सदाचारयुक्त जीवन बाँच्नु हो, समाधिबाट मनलाई वशमा राख्नु र निर्मल पार्नु हो अनि प्रज्ञाज्ञानको विकास गर्नु नै साँचो अर्थमा पूजा गर्नु हो, धर्म धारण गर्नु हो ।"

यी र यस्ता कुराहरूले निर्मलाको मनमा प्रभाव परेको कुरा बताइन् र यस्तै विषयमा र देवदेवीहरूको गुणानुस्मरण गरी गर्ने पूजाका बारेमा एउटा पुस्तिका तयार गरी दिवंगत पिता रामराज ताम्राकारको वार्षिकीको



Downloaded from http://www.dhamma.digital

अवसरमा धर्मदान गर्न पाए हुन्थ्यो, सरले एउटा पुस्तिका लेखिदिनुपर्‍यो भनी अनुनय गरेकी हुनाले र मैले पनि यो त अति राम्रो कुरो हो, तिनको धर्मप्रीतिमा योगदान पनि हुने र त्यस धर्मदानमा म पनि सरिक हुन पाउने अवसर छोप्दै यो पुस्तिका तयार गरिदिएको हुँ । यसमा निर्मला बहिनीको इच्छा र आग्रह अनुसार पूजा गरिंदै आएका देवदेवीहरूको फोटो पनि सम्बन्धित विषयको सिरानमा राखिदिएको छु ।

यस पुस्तिकामा समावेस सामग्री आफ्नो भए पनि गुणानुस्मरणका कुरा आचार्य श्री सत्यनारायण गोयन्काज्यूको प्रवचनको सन्दर्भमा आएका कुराहरूलाई नै मूल आधार बनाएको छु र अन्य केही स्रोतहरूबाट पाएका केही बुँदाहरू पनि थपिदिएको छु । धर्म सम्बन्धी चर्चामात्र मैले गरिदिएको हुँ र पठनयोग्य हुने गरी पुस्तकाकारमा ल्याइदिएको हुँ ।

हामी कहाँ छौं, कहाँबाट आएका थियौं र कहाँ जान तम्सिरहेका छौं, यी कुराहरूले धर्मसित सीधा सम्बन्ध राख्दछ । अनुमान लगाउनै मुस्किलको यस संसारमा हामी एक निमेष पनि नअडिकन जन्म-मृत्युको चक्करमा फन्फनिरहेका छौं । आँखिर किन हामी यसरी दुःख नचाहेर पनि संसार-चक्रमा पिल्सिरहेका छौं, कारणलाई जान्नुपर्दछ र त्यस कारणलाई जतिसक्दो चाँडै हटाउनुपर्दछ



Downloaded from http://www.dhamma.digital

अनि दु:ख-चकबाट उतीर्ण हुनुपर्दछ । यसैमा हाम्रो कल्याण छ र बुद्धिमानी पनि यसैमा छ । धर्म चाहिएको पनि यसै कामको लागि हो । तर अज्ञानताको कारणले हामी धर्म गर्ने भन्दै अधर्मको बाटो लागिरहेका छौँ । त्यो अज्ञानरूपी अन्धकारबाट बाहिर निस्कौँ र प्रज्ञाको उज्यालोमा कुन सही कुन गलत हो प्रष्ट बुझौ । पाठकवर्गसित मेरो यतिमात्र आग्रह हो । यसमा कसैले अन्यथा नसोचून्, सोच्न भ्याए भने त्यसको लागि म क्षमाप्रार्थी छु ।

धन्यवाद !

सबै प्राणीको भलो होस् !

Dhamma.Digital

दोलेन्द्ररत्न शाक्य
(सम्पादक तथा प्रस्तोता)



Downloaded from http://www.dhamma.digital

# मेरो आफ्नो भन्नु

हामी सबैलाई थाहा छ, जन्मेपछि सबै प्राणीले मर्नुपर्छ । यसमा कसैको आनाकानी वा 'पर्ख हैं'लाई मुत्युले सुन्दैन । धर्मलाई सहीरूपले जानेर बुझेर अभ्यासगतरूपमा अनुशरण गरेमात्र यसबाट बच्ने उपाय छ भन्ने उपदेश मैले कल्याणमित्रहरूबाट सुन्दै आइरहेकी छु ।

झण्डै २० वर्षजति अघि मेरी ममतामयी माता शान्तकुमारी ताम्राकार किड्नीको रोगबाट ग्रस्त भई दिवंगत हुनुभयो । पछि प्रातःस्मरणीय बुबा रामराज ताम्राकार पनि गतवर्षमात्र उही रोगको सिकार भई दिवंगत हुनुभयो ।

बुबाको मृत्युको क्षणलाई मैले आजसम्म बिर्सन सकेकी छैन । एकदिन बहिनी, भाउजु, बुहारी र म बुबाको स्याहारमा हस्पिटलमा बुबासँग थियौं । सायद त्यो दिन नै बुबाको अन्तिम दिन थियो । बुबाले पानी माग्नुभयो । मैले पानी दिएँ । पानी पिइसकेपछि बेडमै बसेर मसँग एकछिन कुरा गर्नुभयो । कुरा गर्दागर्दै टाउको एकातिर ढल्कन पुग्यो र मेरै अंगालोमा उहाँले प्राण त्याग गर्नुभयो । यो दृष्य मेरो मानस पटलमा आजसम्म घुमिरहेको छ ।



Downloaded from http://www.dhamma.digital

दिवंगत मातापिताका नाउँमा मेरा दाजुभाइ दिदी बहिनीहरूले परम्परालाई अपनाउँदै श्राद्ध-दान, देवदेवीहरूको पूजा-पाठ, गीता-पाठ, नामसंगीति पाठ, रामायण गीतको गाना बजाना गर्न लगाएर धर्म कर्म गरे । तर म भने अलि भिन्दै प्रकृतिको भइदिएँ । मैले बुबा आमाको नाममा दान दिने, परित्राण पाठ गराउने, पुण्यका कामहरू गर्ने, धर्म श्रवण गर्ने, धर्म साकक्षामा बस्न जाने, विहारमा जाने र ध्यान भावना गरी पुण्य बाँडिदिने काम गरें । मैले परम्परागतरूपमा गरिने धर्मकार्यमा दोष देख्न थालें किनभने मेरो विचारमा त्यसमा यथार्थ धर्मको अभ्यास झल्किंदैदथ्यो ।

यसरी एउटै परिवारको हिस्सा भएर पनि विभिन्न धर्म संस्कारमा किन बाँडिन्छौं होला भन्ने मनमा लागिरहन्थ्यो । कुनचाहिँ ठीक, कुनचाहिँ गलत भनेर ठोकुवा गरेर भन्न सक्ने अवस्थामा थिइनँ । यी र यस्तै विषयमा उहाँ कल्याणमित्र श्री दोलेन्द्ररत्न शाक्य सरसँग प्रश्न राख्दथें । उत्तर दिने क्रममा उहाँ भन्नुहुन्थ्यो, "एकैचोटी यही ठीक, यही बेठीक भनेर भन्न हुँदैन । सबैकुरामा विवेक पुऱ्याएर सहीरूपमा अनुभूति गरी अभ्यासमा लागेर मात्र ठीक ठहरिएमा त्यसलाई स्वीकार गर्नुपर्दछ । धर्म गर्छु मात्र भनेर हुँदैन, जानेर बुझेर मात्र धर्म गर्नुपर्दछ । मानेर मात्र धर्म गरेको ठहरिंदैन । मान्नै परे पनि जानेर मात्र मान्नुपर्दछ । पूजादि गर्दा



Downloaded from http://www.dhamma.digital

पनि पूजाको अर्थ बुझेर मात्र पूजा गर्नु राम्रो हो । आँखा चिम्लेर होइन ।"

उहाँको यस्ता धर्मसम्मत कुरा सुनेर ममा प्रेरणा जाग्यो र यिनै विषयमा एउटा सानो भए पनि पुस्तिका प्रकाशन गरेर बुबाको वार्षिकीको दिन धर्मदान गर्ने इच्छा भयो । मैले उहाँ दोलेन्द्र सरसँग हामीले पुज्दैआएका देवदेवीहरूको कसरी गर्दा सहीरूपमा पूजा गरेको ठहरिन्छ, त्यस विषयमा एउटा पुस्तिका लेखिदिनुहोस्, बुबाको वार्षिकी आइपुग्यो । त्यस अवसरमा सबैमा सूचित होस् भन्ने मनसायले सो पुस्तक धर्मदानरूपमा वितरण गर्न चाहन्छु भनेर सरलाई अनुरोध गरें ।

उहाँले पनि ममाथि अनुकम्पा राख्नुभई मेरो अनुरोधलाई सहर्ष स्वीकार गर्नुभयो जसको फलस्वरूप आज यो पुस्तिका धर्मदानको रूपमा तपाईं पाठकको हातमा सुम्पन पाइरहेकी छु । यसमा मलाई अपार हर्षानुभूति भइरहेको छ ।

उहाँ दोलेन्द्र सरले आफ्नो प्रतिकूल स्वास्थ्यको बाबजूद पनि ममाथि अनुकम्पा राख्नुभई पुस्तिका लेखी, आफैले टाइप गरी प्रुफसमेत हेरिदिनुभई प्रकाशनयोग्य बनाइदिनुभएकोमा उहाँ सरप्रति अनुगृहित हुँदै हृदयदेखि नै साधुवाद टक्र्याउन चाहन्छु ।



Downloaded from http://www.dhamma.digital

यो पुस्तिकाको प्रकाशन गर्ने कार्यमा कति पनि अल्सी नमानी प्रेससम्म धाउनुभई सल्लाह सहयोग प्रदान गर्नुभएकोमा मेरा श्रीमान जगराम ताम्राकारज्यूमा पनि आभार व्यक्त गर्न चाहन्छु ।

साथै पुस्तिकाको सुन्दर मुद्रणकार्यको साथै समयमै छपाइ सिध्याइदिनुभएकोमा गणबहाल, काठमाडौंस्थित स्पेक्ट्रम अफसेट प्रेसलाई पनि धन्यवाद दिन चाहन्छु ।

'धर्मदान नै सबैभन्दा उत्तम दान' हो भनेर भगवान बुद्धले भन्नुभएको छ । यस धर्मदान गरेको पुण्य दिवंगत हुनुभएका प्रातःस्मरणीय पिता रामराज ताम्राकारलगायत दिवंगत ज्ञातिवन्धु सबैमा जाति, जरा, व्याधि र मरण धर्मबाट मुक्त रहेको अवस्था 'निर्वाण' प्राप्तिको हेतु होस् भनी मंगलमय कामना पनि गर्दछु ।

Dhamma.Digital

विनीत
निर्मला ताम्राकार
(प्रकाशिका दाता)



Downloaded from http://www.dhamma.digital

## विषय-सूची


अ) धर्मोपहार क

आ) निर्वाण-कामना एवं समर्पण ख

इ) निर्वाण-कामना ग

ई) निर्वाण-कामना गर्ने परिवारका सम्पूर्ण सदस्यहरू घ

उ) प्रस्तोताको प्रस्तुति ङ

ऊ) मेरो आफ्नो भन्नु झ


## 'गुणको पूजा' पुस्तिकाअन्तर्गतका विषयहरू


सही धर्मको पहिचान र आचरण (प्राक्कथन) १

प्रस्तावना ७

आराध्य देवदेवीको सही आराधना

१) बुद्ध ८

२) गणेश १५

३) ब्रम्हा २२

४) विष्णु २९

५) शिव ३३

६) कृष्ण ३७

७) राम ३९

८) कालीमाई ४२

९) यशुख्रिष्ट ४५

१०) महावीर ४६

११) विजया दशमी मनाउने सम्वन्धमा ४८

१२) उपसंहार ५२

१३) जीवनी ५५


Downloaded from http://www.dhamma.digital

धर्मप्रीति-तरङ्गस्वरूप प्रकाशित

# गुणको पूजा

## सही धर्मको पहिचान र आचरण

(प्राक्कथन)

हामी 'धर्म' 'धर्म' भन्दछौं तर धर्म के हो, धर्म किन चाहियो र धर्म कसरी गरिन्छ भन्ने कुराप्रति अनभिज्ञ सावित भइरहेका हुन्छौं । धर्म गर्छु भन्दै अधर्मतिर उन्मुख भइरहेको पत्तै पाउँदैनौं । यसरी त हामी 'माछा माछा भ्यागुतो' भन्ने उखानलाई चरितार्थ पारिरहेका हुन्छौं ।

हामी सबैले आआफ्नो ढंगले धर्म मान्दैआएका छौं । वास्तवमा भन्नु नै पर्दा धर्म मान्ने वस्तु होइन । धर्मलाई त जान्नुपर्दछ र बुझ्नुपर्दछ । नजानी नबुझी अपनाइएको धर्मले हाम्रो कल्याण गर्दैन । बरू जानिसकेपछि र बुझिसकेपछि धर्मलाई मान्नु राम्रो हुन्छ । धर्मलाई जान्नु बुझ्नु भनेको धर्मको यथार्थ प्रकृति र उपादेयतालाई बुझ्ने र धर्मको नाउँमा गरिने कामकुराहरूबारे यथार्थतः कुरा के हो जानेर प्रयोगमा ल्याउने हो । धर्म के हो, किन गर्नुपऱ्यो र कसरी के गर्दा वा नगर्दा धर्म मानेको ठहर्छ त्यसको यथार्थ जानकारी लिने र तदनुरूप आचरण गर्नु नै धर्म मान्नु हो ।



Downloaded from http://www.dhamma.digital

धर्मको वास्तविक अर्थ काय, वाक र चित्तबाट गरिने कल्याणकारी कर्म हो । कर्महरू मनबाटै निस्रित हुन्छन् । शरीर र वचनबाट हुने कर्महरू मनकै उपज हुन् । मनले जे चिताएको छ त्यसअनुसार काम गरिन्छ र फल पनि त्यसअनुसार नै आउँछ । असल चिताए, असल फल र खराब चिताए खराबै फल । शरीर र वचनले मनको आदेशमात्र पालन गर्दछन् । मन नै प्रमुख हो र मन नै प्रधान हो । मन नै प्रमुख हो भन्नेबारे भनिएको पनि छ –

मन नै अगुवा हो, सबै मनोमय हुन्,
मन दुषित पारी जे बोलिन्छ वा गरिन्छ,
गोरूको पछि गाडाका पाङ्ग्रा गुडेझैं,
दु:ख हाम्रो पछिपछि आउँछ ।
तर, मन प्रशन्न पारी जे बोलिन्छ वा गरिन्छ,
पछिपछि लाग्ने आफ्नै छायाझैं,
सुख पनि पछिपछि आउँछ ।

बुद्धले पनि धर्मको परिभाषा दिने कममा एक ठाउँ भन्नुभएको छ – पापकर्मबाट टाढा रहनु धर्म हो र पुण्य संचय गर्नु धर्म हो,

आफ्नो चित्तलाई सतत निर्मल पार्नु त परम धर्म हो,
सबै बुद्धहरूले दिने शिक्षा पनि यिनै हुन् ।



Downloaded from http://www.dhamma.digital

प्राणीहरू सबै दु:खमै पिल्सिरहेका छन् । दु:ख कसैलाई मन पर्दैन । सुख नै सबैलाई मनपर्छ । तर दु:ख के हो र कसरी उत्पन्न हुन्छ भन्ने कुरा नजान्दा दु:ख झनझन बल्झिरहेको हुन्छ । त्यस्तै सच्चा सुख के हो, यसको प्राप्ति कसरी हुन्छ भन्ने कुरा पनि नजान्दा सुख परपर भागिरहेको हुन्छ । दु:ख नचाहँदा नचाहँदै पनि नभाग्दा र सुख चाहेर पनि नपाउँदा हामी रनभुल्लमा पर्दछौं । सत्यज्ञानको अभावमा के गरूँ र के नगरूँको स्थितिमा परेर कुनै काल्पनिक ईश्वरको निर्माण गरी उनको दासत्व कबुल गर्न पुग्छौं । गर्ने गराउने उनै हुन् भनी आफूलाई निरीह बनाइरहेका हुन्छौं । वास्तवमा भन्नुपर्दा, हामी आफ्नो मालिक आफै हौं, अरू कोही होइन । आफूले आफैलाई सही मार्गमा लगाउनुपर्छ, अरूले त प्रेरणामात्र दिन सक्छन् ।

Dhamma.Digital

सम्यक ज्ञान जगाई चित्त निर्मल गरी कर्म गरे आफूबाटै आफ्नो स्वर्गको सृष्टि हुन्छ, अन्ध ज्ञानबाट नरकको खाडल खनिन्छ । सत्य तथ्य कुरा नजान्दा हामी अज्ञानताको सिकार भइरहेका हुन्छौं । हामी आफूबाटै प्रताडित भइरहेका छौं । ईश्वरले वा अरू कसैले यसो गरिदिएन भनेर दोषारोपण गर्नैपर्दैन । कामकुरा राम्रो होस् भनी हामी ईश्वरको भाकल गर्दछौं । काम सफल पार्न हामी जुट्छौं ।



Downloaded from http://www.dhamma.digital

सफल पनि हुन्छौं । भाकल पूर्ण भयो भनेर ईश्वरको जयकार गर्दछौं । काम सफल भएन भने ईश्वरलाई पनि बाँकी राख्दैनौं, धारे हात लगाइहाल्छौं । ईश्वरलाई विनासित्तिमा बीचमा घिसाछौं । काम सफल वा असफल हुनुमा ईश्वरको कुनै भूमिका हुँदैन । सफल भए पनि असफल भए पनि आफू स्वयं नै जिम्मेदार होइन्छ ।

धर्मप्रति श्रद्धा वा भक्ति हुनुपर्छ । तर श्रद्धासँग ज्ञान संलग्न हुनुपर्छ । श्रद्धा छ तर ज्ञान छैन भने त्यो श्रद्धा अन्धो हुन्छ । ज्ञान त छ तर श्रद्धा भएन भने पनि धर्मसम्मत हुन सकिंदैन । श्रद्धा र ज्ञानको साथसाथै कर्म पनि राम्ररी सम्पादन गरिनुपर्दछ । श्रद्धा, ज्ञान र कर्म यी तीनवटाको समन्वय भएमात्र धर्मले पूर्णता पाउँछ । भगवानप्रति श्रद्धा छ भने राम्रो कुरा हो तर उनको गुणलाई सम्झेर बुझेर अनि त्यो गुण आफूले पनि धारण गर्न सकेमा मात्र श्रद्धा वा भक्ति फलित हुन्छ । त्यो गुणलाई जीवनमा उपयोग गर्न सकिएमा मात्र श्रद्धा कल्याणकारी हुन्छ । गुणलाई नचिनिकन देखौवाको लागि मात्र भक्ति अथवा नमन पूजन भएमा धर्मको उपहास मात्र हुन्छ । यसले जीवनमा धर्मको सकारात्मक प्रभाव दिन सक्दैन । आफ्नो खुट्टामा आफैले बञ्चरो हानेझैं हुनजान्छ ।



Downloaded from http://www.dhamma.digital

हामी भगवानको पूजा गर्ने भन्छौं । पूजा गर्नुको अर्थ नै सम्मान गर्नु, आदर गौरव गर्नु, गुणलाई आत्मसात गर्नु हो । तर हामी फूल, अक्षता, धूज, दीप, नैबद्य, सिंदुर र जल चढाएर पूजा गर्दछौं । पूजा दुई प्रकारको हुन्छ – एक सामिष पूजा र अर्को निरामिष पूजा । भक्तिभाव जगाएर चीजवस्तु चढाएर गरिने पूजा सामिष हुन्छ । भगवानको गुणलाई जानेर बुझेर मान सम्मान गर्नु, कृतज्ञता प्रकट गरी गौरव राख्नु र त्यस्तै गुण आफूमा पनि विकसित गरी जीवन सुन्दर र सार्थक पार्नु निरामिष पूजा हुन्छ । सामिष पूजामा सिर्फ भक्तिमात्र प्रदर्शित गरिन्छ जुन भगवानलाई पनि प्यारो लाग्दैन र भक्तलाई पनि फाइदाजनक हुँदैन । निरामिष पूजामा अन्धभक्तिलाई कुनै स्थान दिइँदैन बरू गुणको अनुकरण र अनुशरण गरिन्छ जसबाट भगवान र भक्त दुवै प्रशन्न हुन्छन् ।

वास्तवमा धर्म नै कल्याणकारी वस्तु हो । धर्मको पूजा हुनु भगवानकै पूजा हुनु हो । भगवानलाई पनि भगवान हुन धर्म नै चाहिन्छ । धर्म नै छैन भने भगवान कसरी हुन्छ ? भगवानको पूजाभन्दा धर्मकै पूजा हुनु जरूरी हुन्छ । कल्याण त धर्मले गर्ने हो । बरू जानेर बुझेर धर्मलाई धारण गर्नुपर्दछ । पूजापाठमात्रले केही हुँदैन । आफू नै सदाचार, ध्यान र ज्ञानले युक्त हुनुपर्दछ ।


मूर्ति गुणको प्रतीकात्मक हुन्छ । प्रायः सबै मूर्तिहरूले कुनै न कुनै प्रकारले शिक्षा दिइरहेका हुन्छन् ।



Downloaded from http://www.dhamma.digital

कतिपय मूर्ति त खुला शिक्षाप्रद पुस्तकसरि हुन्छन् जुन हरदम हाम्रो अगाडि खुला रहन्छ । मूर्तिमा निहित गुणलाई चिन्नुपर्दछ । तर त्यसलाई हेर्ने आँखा र सुन्ने कान हामीमा विकसित गर्नुपर्दछ । हाम्रा छालाका आँखा र कानले त ती गुणहरूलाई न त देख्नै सक्दछौं न त सुन्नै सक्दछौं । मूर्तिको पूजक होइन, गुणको पूजक बन्नुपर्दछ । पूजा यस्तो हुनुपर्दछ जसबाट पूजकलाई कल्याणको मार्ग निर्देशन होस् । निरीह बनी, करूण स्वरले ईश्वरसँग केही माग्नु भनेको भीखमंगा प्रवृति हो । मागेको कुरा दिएन भनेर ईश्वरलाई नै धम्कीको भाषा प्रयोग गरी रीस पोख्नु मूर्खता हो । आफूले आफैलाई नचिन्नु हो । परावलम्बी बन्नु हो । आफ्नो पुरूषार्थ र क्षमतालाई लुकाउनु हो ।

अतः हामीले आफूलाई चिनौं । आफ्नो कल्याणको लागि आफै जुटौं । गुणको कदर गरौं । गुणलाई बटुलौं र आफ्नो मंगलको लागि ती गुणहरूको उपयोग गरौं । पूजा गुणको हुनुपर्छ, मूर्तिको होइन । गुणलाई बुझी अनुशरण पनि गरी पूजा-आजा गरे पनि ठीकै मान्न सकिन्छ ।





Downloaded from http://www.dhamma.digital

# प्रस्तावना

अब हाम्रा कतिपय आराध्य देवदेवीहरूमा निहित गुणलाई चिनौं । यसक्रममा हामीले पुज्दैआएका कतिपय प्रमुख देवदेवीहरूको मूर्तिमा निहित गुणहरू के के हुन्, मूर्तिलाई त्यसरी असामान्य स्थिति, आसन र रूपाकृतिमा राखिनुको के कारण हो, तिनले के शिक्षा दिन खोजिरहेका छन् भन्ने कुरा जान्न र बुझ्नतिर लागौं । यसले हामीलाई मूर्तिको पूजा किन र कसरी गर्नुपर्दो रहेछ भन्ने कुराको ज्ञान दिनेछ ।

(यी तल दिइएका चित्रका मूर्तिहरूलाई फूल, अक्षता, धुप, दीप, नैवद्यादिले पूजा अर्चना गर्नुमा मात्र धर्म देखिनुहुन्न बरू यिनमा पाइने गुणको अनुस्मरण गरिनुपर्दछ । गुणकै पूजा हुनुपर्दछ । साथै उक्त गुण हामी आफूमा पनि विकसित गरिंदै लग्नुपर्दछ भन्ने सन्दर्भमा विपश्यनाचार्य श्री सत्यनारायण गोयन्काज्यूले प्रायःजसो प्रवचनमा दिनुभएका बुँदाहरूको आधार लिई अन्य स्रोतबाट पनि यसै सम्बन्धका तथ्यहरू संकलन गरी तिनलाई प्रस्तुत र सम्पादन गरिदिएको छु ।

— प्रस्तोता



Downloaded from http://www.dhamma.digital

# आराध्य देवदेवीको सही आराधना

## १) बुद्ध



बुद्धले आफूलाई ईश्वर हुँ भनेका छैनन् । बुद्ध भन्छन्, "म तिमीहरूजस्तै मानव हुँ । सबै मानवले मेहनत गरी शील, समाधि र प्रज्ञाको बाटोमा सम्यकरूपले अघि बढेमा मैलेजस्तै तिमीहरूले पनि बुद्धत्व प्राप्त गर्न सक्छौ । बुद्ध हुने एकाधिकार ममा मात्र छैन । सबैमा बुद्धत्वको गुण लुकेर रहेको हुन्छ । तिनलाई प्रस्फुटित गर्नु प्रत्येक मानवको अधिकार पनि हो र कर्तव्य पनि हो ।"

"मानिस आफ्नो मालिक आफै हो । आफ्नो गति आफैले निर्धारण गर्दछ । सुगतिमा जाने कि दुर्गतिमा जाने त्यो आफ्नै हातमा हुन्छ । कसैले स्वर्ग वा नरकमा पठाउन सक्दैन । मलाई ईश्वर भनेर पुज्नपर्दैन । मलाई पूजा नै गर्छौ भने मैले दिएको उपदेशलाई अनुशरण गर । सम्यक मार्गमा लाग । सम्यक समाधिद्वारा मनलाई आफ्नो वशमा राख र निर्मल पनि पार । मलाई दर्शन गर्न पहाड, पर्बत चढ्नुपर्दैन, तीर्थ व्रत गर्नुपर्दैन र अनेक प्रकारको



Downloaded from http://www.dhamma.digital

अनुष्ठान गर्नुपर्दैन । मलाई ईश्वर बनाएर खटमा राखेर जात्रा गर्नुपर्दैन । सम्यक जीवन बाँच, यति भए पुग्छ ।" यसरी बारम्बार भनिरहने (बुद्ध)लाई हामीले फूल अक्षताले पूजा गर्दैछौं । खटमा राखेर जात्रा गर्दैछौं । उनको उपदेश सुन्दैनौं । धारण पालन गर्दैनौं । बिहान बिहान 'बुद्धं शरणं गच्छामि' भनेर पाठमात्र गर्दछौं । बुद्धको शरणमा गएको छु क्यारे, उनले तारिदिइहाल्छ नि भनेर ढुक्कसित बस्दछौं । दिनभरिको लागि पापकर्म गर्ने लाइसेन्स लिन्छौं । वास्तवमा शरण त बुद्धको लिनुपर्छ । बुद्धको शरण लिने भनेकै धर्मको शरण लिने हो त्यस्तै धर्मको शरण लिने भनेकै बुद्धको शरण लिने हो । बुद्ध त प्रज्ञामूर्ति वा धर्ममूर्तिमात्र हुन् ।

गौत्तम बुद्ध एकजना मात्र बुद्ध होइन । बुद्ध असंख्य भइसके । भनिन्छ, बुद्धहरूको संख्या गंगाको किनारमा भएका बालुवाका कणहरूको संख्याजति भइसके । लिखित तालिकामा दिइएका बुद्धहरूको संख्यामात्र पनि २८ छन् । गौत्तम बुद्ध त २८सौं बुद्ध हुन् । त्यसैले 'बुद्धं शरणं गच्छामि' भन्दा अहिलेसम्म जति पनि बुद्धहरू भइसके, ती सबैको शरण जाने कुरा व्यक्त हुन्छ । यसमा कुनै साम्प्रदायिकता छैन । जाति, वर्ण, लिङ्ग, सम्प्रदायको भेदभाव रहँदैन । शरण त व्यक्तिको होइन, गुणको हुनुपर्छ । आफूभित्र पनि बोधि जगाउनुपर्छ अनिमात्र बुद्धं शरणं



Downloaded from http://www.dhamma.digital

हुन्छ । पूजा पनि व्यक्तिको होइन, धर्मको होस् । धर्मको सच्चा शरणले मात्रै हामीलाई दुःखबाट त्राण दिन्छ ।

बुद्धलाई नमस्कार गर्दा 'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स' भनिन्छ । यसमा जम्मा ५ शब्दहरू छन् जसको अर्थ हुन्छ –

१) नमो = वन्दना, नमस्कार, प्रणाम ।

२) तस्स = उहाँ बुद्धहरूलाई, (एकजना निश्चित बुद्धलाई मात्र होइन ।)

३) भगवतो = राग, द्वेष र मोह भग्न गरिसक्नुभएकालाई,

४) अरहतो = ल्केश वा विकाररूपी आन्तरिक शत्रुहरूलाई निर्मूल गरिसक्नुभएकालाई,

५) सम्मासम्बुद्धस्स = कुनै गुरुविना नै सम्बोधि लाभ गरिलिइसक्नुभएकालाई ।

यसको संयुक्त अर्थ हुन्छ – राग, द्वेष मोहादिलाई भग्न गरिसक्नुभएका, विकारादि आन्तरिक शत्रुलाई विनास गरिसक्नुभएका र आफैले अन्वेषण गरी आफूमै भाविता गरी आफैमा निर्भर रही सम्यक ज्ञान (बोधिज्ञान) हासिल गरिलिइसक्नुभएका उहाँ बुद्धहरू सबैलाई वन्दना गर्दछु ।

बुद्धका गुण ९ वटा छन् । ती गुणले पूर्ण भएका जो कोहीलाई पनि 'तस्स' शब्दले समेट्छ । ती सबैलाई नमस्कार भनिएको हुन्छ । यति व्यापक छ । तर हामी



Downloaded from http://www.dhamma.digital

संकुचित घेरामा बाँधिएर बसेका छौँ । अझ त नमस्कार गर्ने त बोधिलाई हो । धर्मका सूक्ष्मदेखि सूक्ष्मतम अङ्गहरूको अनुभूति गर्दै बुद्धको पूजा हुनुपर्दछ ।

बुद्धमा निहित ९ गुणहरू यिनै हुन् –

१) अरहं = अरहन्त, सम्पूर्ण क्लेशावरण च्यातेर फालिसकेका,

२) सम्मासम्बुद्धो = राम्रैसित सम्बोधि लाभ गरिसकेका,

३) विज्जाचरण सम्पन्नो = प्रज्ञाज्ञान र आचरण दुवैले सम्पन्न भएका,

४) सुगतो = निर्वाण-मार्गमा राम्ररी गमन गरिसकेका,

५) लोकविदू = सम्पूर्ण लोकका ज्ञाता ,

६) अनुत्तरो पुरिसदम्म सारथि = दमन गर्नमा असल सारथिसमान भएका ।

७) सत्था देवमनुस्सानं = देव र मनुष्यका गुरू हुनुभएका,

८) बुद्धो = चार आर्य-सत्यको यथार्थतः अवबोध गरिसक्नुभएका र

९) भगवा = सम्पूर्ण क्लेशादि विकारहरूलाई भग्न गरी भाग्यवान हुनुभएका ।

यी गुणहरूलाई पाठमात्र नगरी आफूमा पनि यस्तै



Downloaded from http://www.dhamma.digital

गुण विकसित गरी दुःख-मुक्तिको अवस्था 'निर्वाण' पदलाई साक्षात्कार गरिलिन समर्थवान हुनुपर्दछ । अनिमात्र सही अर्थमा बुद्धको पूजा सार्थक हुन्छ ।

पछि गएर बुद्ध-पूजा पनि अन्य पूजाहरूजस्तै कर्मकाण्डमा नबदलियोस् भन्ने उद्देश्यले 'इमाय धम्मानुधम्म पटिपटिया बुद्धं पुजेमि' भन्न लगाए । यसको अर्थ हुन्छ, धर्मको आचरणद्वारा म बुद्धको पूजा गर्दछु । शुद्ध र सम्यक आचरणलाई नै पूजाको माध्यम बनाइएको छ ।

'निर्वाण' अथवा जन्म-मरणको चक्रबाट मुक्त भएको अवस्था प्राप्त गर्नु नै मानव जीवनको अन्तिम लक्ष्य हुनुपर्छ । विपश्यना ध्यानको अभ्यासद्वारा आफ्नै साडे तीन हातको कायाभित्रै निर्वाणको साक्षात्कार गर्ने उपाय छ । यसलाई हामीले अभ्यासमा ल्याउनु श्रेयस्कर छ ।

संसारमा सबै कुरा अनित्य छन् । सिर्फ निर्वाणमात्र शाश्वत, ध्रुव र नित्य छ । त्यो नित्यावस्थामा पुग्नु नै मानवमात्रको लक्ष्य हुनुपर्दछ । जीवनको सार्थकता यसैमा निहित हुन्छ । यो सार्थकता भेट्टाउन अपनाउनुपर्ने मार्गलाई नै धर्म भनिन्छ र सोही मार्ग अवलम्बन गर्दै शुद्धि, न्याय र निर्वाणको पथ अंगाल्नेहरूलाई नै संघ भनिन्छ । यी बुद्ध, धर्म र संघको शरण लिनु पनि वाध्यता, परम्परा र अन्धश्रद्धावश हुनुहुँदैन । बुद्धलाई असल बैद्यको रूपमा, धर्मलाई असल औषधिको रूपमा र संघलाई असल



Downloaded from http://www.dhamma.digital

परिचारिकाको रूपमा लिइनुपर्दछ र दुःख-मुक्तिको अवस्था 'निर्वाण'को साक्षात्कार गर्ने पुनीत उद्देश्यसहित भएर शरण गमन गर्नुपर्दछ । बुद्ध, धर्म र संघको पूजा हुनुपर्दछ, बुद्ध-मूर्तिलाई मात्र वन्दन, पूजन गर्ने होइन ।

बुद्ध-शिक्षालाई नै धर्म भनिएको छ किनभने यसैबाट भव-वन्धनलाई काटेर फाल्न सकिन्छ । बुद्ध-शिक्षाको जग चार आर्य-सत्यमा आधारित छ । चार आर्य-सत्य भनेको –

क) दुःख छ – यो पहिलो आर्य-सत्य हो ।

ख) दुःखको कारण छ – यो दोस्रो आर्य-सत्य हो ।

ग) दुःखको निरोध छ – यो तेस्रो आर्य-सत्य हो ।

घ) दुःख निरोध गर्ने उपाय छ – यो चौथो आर्य-सत्य हो ।


Dhamma.Digital

यी चार आर्य-सत्यभित्र सारा सत्वप्राणीहरूले भोग्न परिरहेका दुःखहरू, ती दुःखका कारण, ती कारणको निवारण अनि निवारण गर्ने उपाय समाहित छन् । सबै प्राणीहरू कर्मका पुतला हुन् र आआफ्ना कर्मानुसार सुख दुःख भोगिरहेका छन् । यहाँ सुख भनेर उल्लेख भएता पनि सही अर्थमा दुःख नै हुन् । हामीले भन्दै र खोज्दैआएका सुख वास्तवमा दुःखको प्रतिशत कम भएको अवस्था हो जुन क्रमशः दुःखतिरै लम्किंदै जाँदो छ



Downloaded from http://www.dhamma.digital


र अन्ततोगत्वा पूर्णतः दुःखमै गएर टुङ्गिन्छ । तर दुःख छ भनेर खिन्न हुनुपर्ने कारण केही छैन । बुद्धले त्यस दुःखबाट उम्किन सकिन्छ भन्नुभई र उम्किने बाटो पनि बताउनुभएको छ । धर्म चाहिएको पनि दुःख-मुक्तिको लागि नै हो जुन मानिस आफैले धर्मको सहारा लिई प्राप्त गर्न सक्दछ । दुःख के हो र दुःख-मुक्ति कसरी प्राप्त हुन्छ भन्नेबारे यहाँ यो सानो पुस्तिकामार्फत् बताउन सकिंदैन । यसका लागि इच्छुक पाठकले अन्वेषण र अध्ययन गर्नुपर्दछ अनि तदनुरूप अभ्यासमा पनि लाग्नुपर्दछ ।





Downloaded from http://www.dhamma.digital

# २) गणेश



कसैलाई गणेशप्रति श्रद्धा जागेमा गणेशका प्रतीकात्मक गुणहरू के के छन् प्रथमतः तिनलाई जान्न बुझ्न जरूरी हुन्छ । गणेश गणका ईश हुन् । गणेशलाई गणपति पनि भनिन्छ । गणपति भनेकै समूहको अधिपति, नायक वा शासक हो । पहिले भारतवर्षमा गणराज्य धेरै थिए । गणराज्यहरूमा नायकको रूपमा गणपति चुन्ने चलन थियो । गणपतिको अर्थ हुन्छ गण अथवा राष्ट्रको नाइके, राष्ट्रको नेता । त्यस्तै देवहरूको माझ नायकको रूपमा गणेशलाई पुजिन्छ । गणेश गणाधिपति पनि हो, मुखिया हो र आदर्श शासक पनि हो । प्रतीकात्मक भाषामा गणेशको मूर्तिका विशेषताहरूको वर्णन यसरी गर्न सकिन्छ । ती प्रतीकहरू नै गणेशका गुण हुन् । ती गुणलाई बुझेर गणेशको पूजा हुनुपर्दछ, पूजा पनि फूल अक्षताले होइन, कृतज्ञता भाव पोखेर सम्मान गरेर –

१) महान भएको प्रतीकको रूपमा गणेशको शरीर ठूलो छ ।

२) मुख एउटै भए पनि सबैको लागि भन्ने उद्देश्यले पेट ठूलो बनाइएको छ ।



Downloaded from http://www.dhamma.digital

३) सबैको कुरा सुन्ने भएर, राय, प्रशंसा र निन्दा पनि सुन्ने र निर्णय पनि दिने भएर कान पनि ठूल्ठूला छन् ।

४) सुन्ने धेरै, बोल्ने कम भन्ने प्रतीकको रूपमा मुखको अगाडि लामो सुँड राखिएको छ ।

५) काममा सुरो, दुश्मनलाई ठूलो आवाज निकाली भगाउने, प्रजालाई सन्तानझैं पाल्ने भएर अनि जनप्रिय र सेवा, सुरक्षा र समृद्धिको प्रतीक लामो तर सुदृढ सुँड छ । सिर्फ बोलेरमात्र काम बन्दैन, कामै गरेर राष्ट्रको सेवा गर्नुपर्छ भन्ने प्रतीकको रूपमा हातको काममा बल पुऱ्याउन सुँड पनि थपिदिएको छ ।

६) आफू पनि मुदित भएर बस्ने, सबैलाई मुदित पार्ने, ऋद्धि सिद्धि र समृद्धि स्वरूप सबैलाई लड्डु बाँड्ने भएर गणेश मोदक पनि हुन् । मोदकको अर्थ प्रमुदित हुनु र पार्नु हो ।

७) गणेशले ससाना जीवलाई पनि समानरूपले मायाँ गर्छन् भन्ने प्रतीकको रूपमा र सी. आई. डीको काम गरी, ठाउँठाउँको पूर्ण जानकारी दिने बाहनको रूपमा मुसा राखिएको छ । बाहनलाई आड भरोसा वा सहायकको रूपमा लिइन्छ ।



Downloaded from http://www.dhamma.digital

८) राष्ट्रको निधि सम्हाल्ने, घोटाला हुन नदिने र सबै कुराको सुरक्षित हुने गरी संचय गर्ने हुनाले गणेशलाई लम्बोदर भनिएको छ ।

९) गणेशको टाउको हात्तीको छ । यसको अर्थ हुन्छ उनको बुद्धि प्रबल छ र धेरै छ । सानो टाउकोमा ती विवेक बुद्धि अट्दैन । राष्ट्रनायक भएको नाताले ऊ अति बुद्धिमान र मेधावी हुनुपर्दछ । त्यसकारणले हात्तीको टाउको राखिएको हो ।

१०) उनको मस्तिष्कमा सबैको मस्तिष्क समाहित हुन्छ । जसरी हात्तीको पाइलाको डोबमा सबैका पाइलाका डोबहरू समाहित हुन्छन् त्यसरी नै उनको प्रज्ञामा सबैको प्रज्ञा समाहित हुन्छ । गणेश बुद्धिमा पनि तेज छन् । यसबारे एउटा कथा प्रसंग – एकपल्ट दाजु कुमार र आफूलाई को पहिले विश्वको चक्कर लगाएर यहाँ पुग्न सफल हुन्छ भनी दौडेर आउने प्रतियोगिताको आयोजना भयो । दाजु कुमार कार्तिकेय आफ्नो बाहन मयुर चढेर विश्व सैरको लागि दौडे तर गणेशको बाहन त मुसो हो । मुसोमा चढेर त दौड जित्न सकिंदैन । उनी हैरानमा परे । भनिएको छ, त्यसबेला उनको बाहन मुसोले मातापिताको वरिपरि चक्कर लगाउने सल्लाह दिएका थिए रे । मुसोको सल्लाह मानेर उनले



Downloaded from http://www.dhamma.digital

मातापिताको परिक्रमा गरे । मातापिता नै विश्व ब्रम्हाण्ड हुन् भनेर प्रमाणित गरे । यसरी उनले आफ्नो बाहनको सल्लाह मानी तीक्ष्ण विवेक बुद्धिको पहिचान दिए । अतः उनी गणपति मात्र नभएर गुणपति पनि हुन् ।

वर्षेनी हर्षोल्लासपूर्वक गणेश उत्सव मनाइन्छ । तर उनको गुण स्वभावलाई आत्मसात गरेर हामीले आफूमा पनि ती गुणहरू विकसित गरेर उत्सव मनाउनुपर्दछ । होइन भने खेलमात्र हुनेछ, लिनुपर्ने लाभबाट वञ्चित हुनेछौं । गणेश त शिक्षा दिनको लागि चित्रित निमित्त मात्र हुन् । त्यसबाट लिने शिक्षा नै प्रमुख हो ।

एकठाउँ गणेशबारे यसरी लेखिएको पनि छ –

१) हिंसा गरेर गणेशको पूजा नगर्नु,
२) देउता भनेर गणेशको पूजा नगर्नु,
३) गणको नायक मानेर पूजा गर्नु,
४) धेरै अनुभव र ज्ञान भएको कारणले 'लम्बोदर' भनिएको हो,
५) इष्ट र प्रख्यात हुनाले 'ठूलो टाउके' भनिएको हो,
६) दूरदर्शी हुनाले 'लामो सुँड' भएको हो,
७) मूर्तिको रूपमा नभई गुणानुस्मरण गरी गणेशको पूजा हुनुपर्छ ।



Downloaded from http://www.dhamma.digital

एउटा अर्को स्रोतले बताउँछ कि गणेशको छुट्टै महत्व छ । यसैले त विघ्न नास गर्ने अर्थमा गणेशको पहिले पूजा हुन्छ । जसरी माथि पनि बताइयो कि गणेशको शिर, कान, नाक, पेट, हात, बाहन इत्यादिको सांकेतिक अर्थ मननीय र अनुकरणीय छ । स्रोतानुसार यहाँ पनि त्यस्तै कुराको चर्चा गरिन्छ –

शिर – शिर हात्तीको छ । हात्तीलाई सबैभन्दा ठूलो स्थल प्राणीको रूपमा लिइन्छ । ठूलो शिरले समाजमा रही बसी काम गर्दा लाजले शिर झुकाउनुपर्नेखालको काम हामीबाट नहोस् भन्ने शिक्षा पाउँछौँ । हात्तीले आफू ठूलो भए पनि आफूभन्दा ठूला अरू पनि छन् भनेर देख्दछ । गणेशको शिरले पनि यस्तै शिक्षा दिन खोजेको छ ।

Dhamma.Digital

कान – गणेशका कान पनि ठूला छन् । ठूला कानको अर्थ सबैका कुरा धैर्यतापूर्वक सुन्नुपर्दछ, बुझ्नुपर्दछ भन्ने कुरा बुझाउँछ । अरूका कुरा ध्यान दिएर सुन्दा र निर्णय गर्दा पछि कुनै विघ्नको सामना गर्नुपर्दैन । आफ्नो मनोमानी गर्ने व्यक्ति कहिल्यै सफल हुँदैन । नराम्रो कुरा सुन्न पनि ठूलै कानको जरूरत पर्दछ । यसबाट राम्रो कुरा सुनेर गुनेर व्यवहारमा ल्याउनुपर्छ तर झगडामा फस्न हुँदैन भन्ने शिक्षा पाउँछौँ ।



Downloaded from http://www.dhamma.digital

नाक – गणेशको नाक सुँड हो जुन लामो छ । यसबाट हामीले इज्जत बचाएर काम गर्नुपर्दछ भन्ने र गणेशको लामो नाकलाई सम्भेर काम गर्दा नाक नकाटियोस्, इज्जत बचोस् भन्ने शिक्षा लिएर काम गर्नुपर्दछ ।

पेट – गणेशको पेट पनि ठूलो छ । काम गर्दा अरूले रिस पनि गर्न सक्दछ । राम्रा नराम्रा कुरा सुन्नुपर्ने हुन्छ । यी सबैलाई पचाउन ठूलो पेटको दरकार पर्दछ । अरूले केही भन्यो भन्दैमा भगडा गर्न हुँदैन, उल्टो काममा वाधा उत्पन्न हुन्छ । अतः गणेशको ठूलो पेटलाई सम्भेर विवाद नगरी नचाहिँदा कुरा पचाउन सक्ने शिक्षा लिनुपर्दछ ।

हातहरू – गणेशका चार हात छन् । ती हातहरूमा क्रमशः वन्चरो, लड्डु, वरमुद्रा र फूल रहेका छन् । वन्चरोले तृष्णाका वन्धनलाई काट्नुपर्छ भन्ने बताउँछ । लड्डुले मिठो बोली वचनको प्रतिनिधित्व गर्दछ । वरमुद्रा अभयदानको प्रतीक हो । फूल कोमलता र दयाका प्रतीक हो । हामीले काम गर्दा पनि यिनै कुराहरूलाई ध्यानमा राखेर काम गर्नुपर्दछ ।


वाहन – गणेशको वाहन मुसो हो । त्यत्रो जिउको वाहन एउटा सानो मुसा कसरी भयो, विचारणीय छ । आकारमा सानो भए पनि मुसा चलाख प्राणी हो । मुसाले



Downloaded from http://www.dhamma.digital

नै अन्नको बीउ समुद्रपारिबाट ल्याएको हो भनिन्छ । मुसाको चलाकी र बुद्धिमत्ता देखेर नै गणेशले उनलाई वाहन बनाएको हुनुपर्छ । यसबारे अर्को स्रोतले मुसालाई वाहन बनाएको 'लोभ र मैं हुँ' भन्ने भावनामाथि विजय पाउनुपर्छ भन्ने शिक्षाको रूपमा रहेको बताइएको छ । अर्को कुरा, हामीले यसबाट आफूभन्दा सानाको सहयोग लिएर पनि काम फत्य पार्नुपर्छ भन्ने शिक्षा लिनुपर्छ ।

व्यवहारमा गणेश शब्दलाई अन्यान्य अर्थमा पनि प्रयोग गर्ने चलन छ जस्तै – लेखनमा सिद्धहस्त गणेश, गाली गर्ने अर्थमा गोवर गणेश र कामको सुरूवात गर्ने अर्थमा श्री गणेश ।





Downloaded from http://www.dhamma.digital

# ३) <u>ब्रम्हा</u>



ब्रम्हालाई सृष्टिकर्ता भनिन्छ । ब्रम्हाले सबै सत्वप्राणीहरूको सृष्टि गरिरहँदा उनी आफू कसबाट सृष्टि भएको होला भन्ने जिज्ञासा पनि विभिन्न स्रोतबाट आउने गर्दछ । वास्तवमा भन्नुपर्ने र बुझ्नुपर्ने कुरा के हो भने कसैले कसैलाई सृष्टि गर्दैन । सृष्टि त आफूले अथवा आफ्नो कर्मको कारणले नै गर्दछ । भनाइको तात्पर्य कर्म आफूबाट सम्पादन हुन्छ । यहाँ कर्म भनिएको भाग्यलाई होइन । आफ्नो मन, वचन र कायबाट गरिएका कर्मलाई भनिएको हो । कर्म भएपछि कर्मको फल त आइहाल्छ । कर्म र कर्मफल नै सृष्टिको आधार हो । कर्म र कर्मफलकै आधारमा भन्न सकिने ठाउँ छ कि आफूले गरेको कर्मबाटै आफ्नो स्वर्ग र नरक तयार हुन्छ । कसैले कसैलाई चाहेर स्वर्ग वा नरकमा पठाउने होइन । चाहेरै पठाएको हो भने पनि त्यो पठाउनेलाई कसले कहाँ पठाउने हो भन्न सकिन्न । गतिलो कर्मबाटै गतिलो भव पाउँछ । आफ्नो कर्म गतिलो भए कसैले गतिलो भवमा जानबाट रोक्न सक्दैन । त्यसैले आफ्नो सृष्टिकर्ता आफू नै हो भनिएको हो ।



Downloaded from http://www.dhamma.digital

हामी देख्छौँ, अनेक देवदेवीका मूर्तिहरूको पूजा हुन्छ । मूर्तिहरूमा कसैका हात धेरै हुन्छन् र प्रत्येक हातमा कुनै न कुनै शस्त्र समाउन दिइएका हुन्छन् । कोहीलाई बाघ, मयुर, गरूड, मुसा, हाँस आदि बाहनमा चढाइदिएका हुन्छन् । ती सबै शक्तिका प्रतीकमात्र हुन् । प्रत्येक प्रतीकले केही न केही गुण धारण गरेको अवश्य नै बुझाएको हुन्छ ।

पहिले पहिले भाषाको विकास भएको थिएन । पुस्तकहरू पनि थिएनन् । शिक्षा दिने माध्यम गुरू शिष्य परम्परामा आधारित थियो । सर्वसाधारणलाई धर्मको शिक्षा दिने माध्यम प्रायः चित्रकलाबाट हुन्थ्यो । यसको ज्वलन्त प्रमाण आज पनि मन्दिरहरूमा राखिएका मूर्ति र चित्रहरू र टुडालमा सजाइएका अनेक चित्रात्मक दृष्यहरू देख्दछौँ । तिनले मन्दिरको शोभा बढाउनको साथै भक्तजनहरूलाई शिक्षासमेत प्रदान गरिरहेका हुन्छन् । ती चित्रहरूलाई हेरेर चित्रमा दिइएका प्रतीकात्मक भाषालाई बुझेर धर्मको शिक्षा लिइन्थ्यो र आज पनि लिनेले लिन सक्दछ ।

ब्रम्हाको मूर्तिलाई हेरेमा हामी देख्दछौँ कि ब्रम्हाका चार मुख छन् । चार मुख भएको जीव कोही पनि हुँदैन । चार मुखे बनाइदिएका हुन् ताकि त्यसमा अन्तर्निहित शिक्षालाई ग्रहण गरून् र जीवनमा पालन पनि गरून् । आचरण सुधार्न, सदाचारको जीवन बाँच्न र आफू पनि



Downloaded from http://www.dhamma.digital

सुखी र अरूलाई पनि सुखी बनाउन आवश्यक तत्वलाई नै धर्म भनिन्छ । धर्म चाहिएको पनि त्यसैको लागि हो । धर्म भनेको धारण गरी आचरण गर्नको लागि हो जसबाट दु:खबाट उन्मुक्ति पाउन सकियोस् ।

ब्रम्हाका चार मुख छन् । प्रत्येक मुख एक एक ब्रम्हविहारका प्रतीक हुन् । ती चार ब्रम्हविहारमा जो विहार गर्दछ त्यो मानिस ब्रम्हासदृश हुन्छ भन्ने कुरा बताइएको छ । ती चार ब्रम्हविहारहरू यिनै हुन् –

१) मैत्री ब्रम्हविहार,

२) करूणा ब्रम्हविहार,

३) मुदिता ब्रम्हविहार र

४) उपेक्षा ब्रम्हविहार ।

मैत्री ब्रम्हविहारमा रमण गर्नु भनेको सबैसित मैत्रीभाव राख्नु हो । यहाँ 'सबैसित' भन्ने शब्दले सबै प्रकारका प्राणीहरूलाई बुझाउँछ । मैत्रीमा शत्रु, मित्रु, पराया, आफ्ना, ठूला, साना, धनी, गरिब, टाढाका, नजिकका, दृष्ट, अदृष्ट, प्रिय, अप्रिय, जलमा बस्ने, स्थलमा बस्ने, नभमा उड्ने जीवहरू पशु, पंछी, कीट पतङ्ग इत्यादि सबैखालका जीवहरूलाई समेटिएको हुन्छ । मैत्री ब्रम्हविहारमा रहनु भनेको सबै प्राणीहरूलाई आफूजस्तै ठान्नु हो र त्यस्तै व्यवहार गर्नु हो । जस्तै आफूलाई मार्न आएको मारपिट गर्न आएको मन पर्दैन



Downloaded from http://www.dhamma.digital

र भयभीत हुन्छौं त्यस्तै अरूलाई पनि मारपिट वा हत्या गर्न आएको मन पर्दैन र ती पनि भयभीत हुन्छन् । सबै मृत्युदेखि डराउँछन्, दण्डदेखि डराउँछन् त्यसैले कसैलाई पनि मारपिट नगर्नु र हत्या हिंसा पनि नगर्नु भनेर भनिएको छ । यसो नगर्नु नै मैत्री हो । यही नै धर्म पनि हो ।

करूणा ब्रम्हविहारमा पनि हामी रहन सक्नुपर्दछ । सबै दु:खी छन् । दु:ख कसैलाई पनि मन पर्दैन । आफूभन्दा दु:खी, असहाय, अज्ञानी, निर्धन र रोग, भय, आपद विपदबाट सताइएकाहरूलाई हाम्रो करूणाको खाँचो हुन्छ । उनीहरूको दु:ख निवारण गरिदिन वा कम गरिदिन हामीले आफ्नोतर्फबाट के गरिदिनुपर्‍यो त्यो काम नि:स्वार्थतापूर्वक गरिदिनु र खिन्न भएको मुहारमा प्रशन्नता ल्याइदिनु नै करूणा ब्रम्हविहारमा रमण गर्नु हो । यही पनि ब्रम्हत्वको गुण धारण गर्नु हो ।

अर्को ब्रम्हविहार हो – मुदिता ब्रम्हविहार । मुदिताको अर्थ नै प्रशन्न हुनु हो । मनमा ईर्ष्या, डाह र दुर्भावना नपाल्नु हो । ईर्ष्या केलाई भनिन्छ ? हुनेखानेको सुख ऐश्वर्य देख्दा मन विषादले भरिनु, चित्त कुँडिनु, डाहको आगोमा जल्नुलाई नै ईर्ष्या भनिन्छ । ईर्ष्याको उल्टो अर्थ मुदिता हो । मुदिता ब्रम्हविहारमा रहनु भनेको अरूको सुख समृद्धिमा पनि मनलाई धमिलो नपारी प्रशन्न



Downloaded from http://www.dhamma.digital

भइदिनु हो । कसैको सफलतामा चित्त प्रशन्न पारी धन्यवाद वा बधाइ दिनु, यसरी सफलता पछि पनि पाइराखून् भनी शुभकामना दिनु, उनले उपभोग गरिरहेका सुखसाधन, वैभव र यश कीर्ति देख्दा वा सुन्दा मनलाई आनन्दित पार्नु, मनमा कति पनि विषाद नलिनु आदि मुदिता ब्रम्हविहारका नमुना हुन् । कसैले दान धर्म गरिरहेको देख्दा पनि उनले अनैतिक तवरले कमाइराखेको धन अहिले साखुल्ले भएर दान दिंदैछ, कस्तो लाज पचाएको इत्यादि भनी आफ्नो मनलाई कलुषित पार्नुहुँदैन, द्वेष दुर्भावना लिनुहुँदैन । यसले आफैलाई हानी गर्दछ । चित्तलाई बिगारी गरिएको कर्म नै पाप हो । अतः मनलाई सदा प्रशन्न, आनन्दित र प्रफुल्ल राख्नुपर्दछ । मुदिता-धर्मलाई अपनाउनुपर्दछ । यसैलाई ब्रम्हत्वमा लीन हुने कर्म भनिन्छ ।

अब अन्तिम ब्रम्हविहार हो – उपेक्षा ब्रम्हविहार । उपेक्षा ब्रम्हविहारको अर्थ हुन्छ समतामा रहनु अथवा समता-धर्मको पालना गर्नु । हाम्रो जीवन सँधैं उहीरूपले एकनाससित चलिरहेको हुँदैन । कहिले सुखको क्षण, कहिले दुःखको क्षण, कहिले लाभ त कहिले हानीको क्षण, कहिले यशको त कहिले अपयशको क्षण अनि कहिले प्रशंसित हुने त कहिले निन्दित हुने क्षण आइ नै रहन्छ । हामी सुखको, लाभको, यशको र प्रशंसाको क्षण चाहन्छौं र आइरहोस् भन्ने कामना गर्दछौं तर त्यसो



Downloaded from http://www.dhamma.digital

त हुँदैन । दुःखको, हानीको, अपयशको र निन्दाको क्षण कहिल्यै नआओस् भन्ने चाहना गर्दछौं तर त्यसो पनि हुँदैन । मानिसको स्वभाव सुख हुँदा, लाभ हुँदा, यश कीर्ति फैलिंदा र प्रशंसित हुँदा रमाउने वा मात्तिने र दुःख हुँदा, हानी नोक्सानी हुँदा, अपयशको बेला र निन्दा हुँदा खिन्न हुने वा आत्तिने हुन्छ । यी दुवै धर्मको दृष्टिमा ठीक हुँदैन ।

जस्तोसुकै परिस्थितिमा पनि मनलाई सन्तुलित वा सम बनाइराख्नुपर्दछ । मात्तिनु र आत्तिनु दुवैले हामीलाई हित गर्दैन । धर्म धारण गर्नु भनेकै हाम्रो हितसुखको लागि हो । अझ त आफ्नो मात्र होइन, अर्काको हितसुखको लागि पनि हो । यदि हामीले गरेका कर्म आफू वा अर्का दुवैथरीको लागि हितकारी छैन भने त्यो अधर्ममा गनिन्छ । अतः सुखमा नमात्तिनु र दुःखमा नआत्तिनु अनि चित्तलाई सन्तुलनमा राख्नु, यही पनि धर्म हो । यसैलाई समता-धर्म भनिएको छ । सुखमा र दुःखमा मात्र होइन, यश-अपयशमा, लाभ-हानीमा, प्रशंसा-निन्दामा समेत मनलाई विचलित हुन नदिनु पनि समता-धर्म नै हो । यसरी समभावले रहनुलाई नै उपेक्षा ब्रम्हविहारमा रहनु भनिएको छ ।

यसरी हामीले बुझ्नुपर्छ कि ब्रम्हाको पूजागर्नु भनेको ब्रम्हविहारमा आफू पनि रहनु हो । यसले हाम्रो




Downloaded from http://www.dhamma.digital

मोक्ष मुक्तिमा सकारात्मक भूमिका खेल्छ । नभए रूप ब्रम्हलोक १६ र अरूप ब्रम्हलोक ४ गरी ब्रम्हलोक जम्मा २० वटा छन् । कुनमात्र ब्रम्हाको पूजा गर्ने ? अन्योलमा पर्नसक्छ । यसबारे यहाँ यति नै लेख्न सकिन्छ ।

आरोग्या परमा लाभा, सन्तुट्ठिपरमं धनं ॥
विस्सासपरमा ञाति, निब्बानं परमं सुखं ॥

(आरोग्यता परम लाभ हो, सन्तुष्टि नै परम धन हो।
श्रद्धा परम ज्ञाति बन्धु हो, निर्वाण परम सुख हो ॥)

Dhamma.Digital





Downloaded from http://www.dhamma.digital

# ४) विष्णु



विष्णुलाई विभिन्न स्रोतद्वारा विभिन्न अर्थमा बताइएको पाइन्छ । एउटा स्रोतानुसार विष्णुलाई ब्रम्हाण्डको रक्षक हुन् भनिएको छ । सर्पलाई कस्मिक ऊर्जाको प्रतीक मानिएको छ । क्षीर सागरलाई सुन्दरता वा आनन्दको प्रतीक बनाइएको छ । विष्णुको मुहार नीलो रंगको छ । त्यसलाई नीला आकाश वा अनन्तताको प्रतीक बताइएको छ । उत्पति पनि नहुने र विनास पनि नहुने अर्थमा अच्यूत शब्द प्रयोग गरिएको छ । हातमा धारण गरेको चकलाई कालचकको अर्थ दिइएको छ । तंर हामीले आफ्नो कल्याणको लागि बुझ्ने बुझाउने गर्नुपर्दछ । यसै कममा तलको व्याख्यालाई हृदयंगम गरी आचरणमा ल्याउनु उपयुक्त हुन्छ । वास्तवमा पूजा पाठ भनेकै कल्याण वा मंगलको लागि न हो !

पहिले पहिले अर्थात् २००० वर्ष पहिले जुन कथा चलाइन्थ्यो, त्यो कथामा बाहिरी अर्थ एउटा भए पनि भित्री अर्थ अर्कै हुन्थ्यो । त्यसबेला शिक्षा दिने सशक्त माध्यम प्रतीकात्मकरूपमा चित्रबाटै हुन्थ्यो । चित्रको



Downloaded from http://www.dhamma.digital

माध्यम नै उपयुक्त र प्रभावकारी हुन्थ्यो । कथा त मानिसहरूलाई पढ्नमा रूचि जगाउन रमाइलो प्रसंग गाँसी भन्ने वा चित्रण गर्ने गरिन्थ्यो । तर त्यसको भित्री मनसाय भने शिक्षा दिनु नै हुन्थ्यो । पछि कथा वाचन मात्र हुनगयो, भित्री अर्थ बुझाउने र बुझ्नेतिर मानिसले ध्यानै दिएनन् । भगवान विष्णुलाई पनि कथामा मात्रै सीमित राखियो । विष्णु वास्तवमा कथाका पात्र मात्र हुन् । विष्णुको माध्यमद्वारा हामीले पाठ सिक्ने र सिकाउने महत्वपूर्ण कुरालाई आत्मसात गर्नुपर्दछ । यसबाट मात्र हाम्रो कल्याण सम्भव छ । पाठ पूजामा मात्र सीमित हुनेको पनि आफ्नै तर्क वा व्याख्या होलान् तर त्यो तर्क वा व्याख्या भने शिक्षाप्रद हुनुपर्दछ ।

तस्वीरमा हामी देख्दछौं कि भगवान विष्णु क्षीर सागरमा नागपाशको आसनमा पल्टिरहेका छन् । टाउकोमाथि नाग फणा उठाएर बसिरहेको छ । तल लक्ष्मीले पाउ दाविरहेकी छिन् । टाउको माथि काल मडारिरहे पनि विष्णुको चेहरामा चिन्ताको रेखासम्म पनि देखिंदैन । अझ त मुसुक्क हाँसिरहेका छन् । त्यसैले पनि 'शान्ताकारं' भनिएको हुनुपर्छ । लक्ष्मीजस्ती वैभवशाली धनकी देवीले पाउ दाविरहेकीमा पनि कति पनि अभिमान र अहंपना छैन । न त कालदेखिको भय छ, न त लक्ष्मीले पाउ दावेकीमा घमण्ड । दुई विपरित अवस्थामा पनि शान्त, शीतल र प्रशन्न मुद्रामा रहेका छन् । हामीले



Downloaded from http://www.dhamma.digital

पनि सुखद् वा दुःखद् दुवै परिस्थितिमा सम भएर रहन सिक्नुपर्दछ । यही कुरा हामी विष्णुको चित्रबाट सिक्दछौं ।

क्षीर सागर ऐश्वर्यपूर्ण जीवनको प्रतीक हो । लक्ष्मीले पाउ दाबेकी वैभव र समृद्धिको प्रतीक हो । वैभव र ऐश्वर्य पाएकोमा गर्व वा घमण्ड छैन । मृत्युको काखमा छ, टाउकोमा कालकै हावी छ तर भय वा चिन्ता कति पनि छैन । यो उपेक्षा वा समताको प्रतीक हो । सर्पको बिछौना कालमाथि विजयको प्रतीक हो । नाइटोबाट एउटा कमलको फूल उत्पन्न भएको छ । त्यो कमलको फूल पवित्रताको प्रतीक हो । कमल फूल पानीबाट उत्पन्न हुन्छ तर एक थोपा पानी वा किचड फूलमा परेको हुँदैन । कमलमा ब्रम्हालाई बसाइएको छ । चार मुखे ब्रम्हाले चार ब्रम्हविहारको प्रतिनिधित्व गरेको हुन्छ । समता-धर्मको आडमा चार ब्रम्हविहारको विकास हुन्छ भन्ने यसको सन्देश हो । चार ब्रम्हविहार भनेका मैत्री, करूणा, मुदिता र उपेक्षा ब्रम्हविहार हुन् जसको बारेमा माथि नै बताइसकिएको छ ।


विष्णुको पूजा वा भक्ति गर्नेले यी प्रतीकहरू र गुणहरूको अनुशरण गर्नुपर्दछ अनिमात्र भक्ति अर्थपूर्ण हुन्छ, नभए अन्धभक्ति वा अन्धश्रद्धा हुनजान्छ । 'शान्ताकारं भुजग शयनं _ ' भनेर पाठमात्र गरेर केही हात लाग्दैन । पाठ गरेकै छु क्यारे, उसले तारिदिइहाल्छ नि भनेर



Downloaded from http://www.dhamma.digital

ढुक्क भइबस्नुमा हाम्रो नादानी झल्किन्छ । मूल अर्थलाई बुझेर काम गर्नुपर्छ नभए बनिया प्रवृतिमात्र हुन्छ । पूजा अर्चना गर्नु राम्रो हो । भक्तिभाव गर्नु के को लागि हाम्रो आफ्नै कल्याणको लागि नै हो । कल्याण भनेको चिताउँदैमा पूरा हुने कुरा होइन । आफूमा ज्ञान बढाएर त्यस ज्ञानलाई आचरणमा ल्याएर काम गरे मात्र हामीले आफ्नो कल्याण साध्न सक्छौं र जीवनलाई सार्थक पार्न सक्छौं । अनिमात्र हामीले विष्णुको अर्चना गरेको फलित हुन्छ । गुणलाई लिऔं, पूजामा मात्र सीमित नहोऔं ।

Dhamma Digital





Downloaded from http://www.dhamma.digital

# ५) शिव



शिवप्रति भक्ति वा श्रद्धा हुनु राम्रै हो, कल्याणकै कुरा हो । शिवप्रतिको आस्था र भक्ति कल्याणकारी हो तर त्यो भक्ति र आस्था समझदारीपूर्ण हुनुपर्छ । अन्धविश्वासयुक्त हुनुहुँदैन । शिवको अर्थ नै 'कल्याण' वा 'मंगल' हो ।

तस्वीरमा हामी देख्छौं, शिव ध्यानस्थ आसनमा बसिरहेका छन् । सर्पको माला धारण गरेका छन् । शरीरको अनेक हिस्सामा सर्प घुमिरहेका छन् । यहाँ सर्पले कालको प्रतिनिधित्व गरिरहेको छ । घाँटीमा काल घुमिरहेको छ । तर पनि कुनै खेद वा चिन्ता छैन । निधार खुम्चिएको छैन । शान्तिकै बास छ । उनका कुनै शत्रु छैनन् । त्यसैले उनलाई कसैको भय छैन । शिव आफै मंगलको प्रतीक भएको हुनाले अनुहार वा शरीरको कुनै पनि भाग भयले आक्रान्त देखिंदैन । यसले काल र भयमाथिको प्रभूत्व जनाउँछ ।

घाँटी नीलो छ । त्यसैले शिवलाई नीलकण्ठ पनि भनिन्छ । देव र दानवबीच युद्धको दौरान समुद्र मथ्दा विषको घैंटो निस्क्यो । देवता र दानव दुवैले त्यो विष



Downloaded from http://www.dhamma.digital

पिउन चाहेन । अमृत निस्कंदा दुवै थरीले पिउन चाहे र तानातान गर्न थाले । अमृत हामीलाई चाहिन्छ, विष तिमीहरूले लिऊ भनी  तिनीहरूबीच झगडा भयो । शिवले झगडा शान्त गर्न आफैले विष पिइदिए । झगडा शान्त भयो । त्यसबेलादेखि घाँटी नीलो भएको हुनाले 'नीलकण्ठ' भनियो ।

समाजमा रहँदा राम्रो नराम्रोको बीचमा मन्थन भइ नै रहन्छ । राम्रो सबै चाहन्छन्, नराम्रो कसैले पनि चाहँदैनन् । विष पान गरे पनि शिवको निधारमा चिन्ताको झिनो रेखासमेत देखिएन । बदलामा शीतलताको अनुभूति नै प्रकट भयो । टाउकोमा चन्द्रमा उदाएको छ । चन्द्रमा शीतलता र शान्तिको प्रतीक हो । टाउकोबाट गंगाको प्रवाह चल्दैछ । गंगा पनि आनन्द र शान्तिको प्रतीक हो । हरहर गंगा भनिन्छ । यसको अर्थ विपश्यना ध्यानमा समताको अवसरमा धाराप्रवाहको अनुभूति भएसरह हो । गंगाको प्रवाह अनित्यताको प्रवाह हो । मनभित्रको विकार निक्लेमा भित्र शीतलताको अनुभूति हुन्छ । यसको प्रत्यक्ष अनुभूति विपश्यना ध्यान बस्नेहरूले गरेका हुन्छन् ।

हामीले पनि आफूमा नै धर्मको गंगा प्रवाहमान हुन दिनुपर्छ । धर्मको गंगा आफूमै प्रवाहमान छ भने मूर्तिमा एक लोटा पानी चढाएर के पो होला ! एक लोटा पानी चढाउनुपर्छ भन्ने कुराको अर्थ हामीमा पनि



Downloaded from http://www.dhamma.digital

धर्म-गंगाको प्रवाहमान हुन दिनुपर्दछ भन्ने शिक्षा लिनुपर्दछ । फेरि एक लोटा पानी खन्याउनुको अर्थ कामको अग्नि शान्त पार्ने अर्थमा पनि लिइन्छ । तर पानीमात्र चढाएर बस्ने होइन, आफूभित्रै सतत सल्किरहेको कामको अग्निलाई नै संयमद्वारा शान्त पार्नुपर्दछ । यसले मात्र कामाग्निको जलनलाई निभाउन सक्दछ । यसले मात्र शिवको पूजा गरिएको बुझिन्छ र कल्याण पनि सम्भव हुन्छ । ज्ञान नै ठूलो कुरा हो । ज्ञानको उपयोग कल्याणको लागि हुनुपर्दछ ।

शिवलाई 'पशुपति' भनेर पनि सम्बोधन गरिन्छ । पशुको मालिक भन्ने अर्थमा पशुपति भनिएको हो । यहाँ हामीले 'पशु' कसलाई भनिएको हो त्यो बुझ्नुपर्दछ । हामीभित्र लुकेर बसेका काम, क्रोध, लोभ, मोह नै पशु हुन् । ती पशुहरूको अधीनमा रहन हुँदैन भन्ने अर्थमा साँढेमाथि नै शिवलाई सवार गराइएको छ । यसको अर्थ ती काम, क्रोध, लोभ, मोहमाथि विजय प्राप्तिको नमुना हो । हामी शिवको पूजा गर्ने भन्छौं तर पशुलाई नै शिरमा चढाउँछौं । यसरी त कसरी शिवको पूजा हुन्छ ? हामीले पनि पाशविक प्रवृतिमाथि विजय पाउनुपर्दछ, अनिमात्र शिवको अनन्य भक्त भएको ठहर्दछ । नभए अन्धविश्वासमा मात्र रूमल्लिरहन्छौं ।


मनका ती पशुहरू अथवा विकारहरूलाई शान्त गरेको कारणले शिवलाई 'शंकर' पनि भनिन्छ । यहाँ



Downloaded from http://www.dhamma.digital

विकार भनेर मनको मैललाई भनिएको हो । हामीले पनि विकारको समन गर्न सक्नुपर्दछ । विकारको समन गरेर मात्र शिवप्रतिको भाव भक्ति र पूजन नमन सार्थक सिद्ध हुन्छ । यसो नगरी फूल अक्षताले मात्र पूज्छौं भने हामीले शिव पूजनको अर्थ बुझेका हुँदैनौं । यसरी त शिवको अवमूल्यन मात्र गरिरहेका हुन्छौं । शिवको अवमूल्यन गर्दा हाम्रो अबुझपनाको प्रदर्शनमात्र हुनजान्छ । यसबाट आफ्नै हानी हुनजान्छ ।

> यो च वस्ससतं जीवे, अपस्सं अमतं पदं ।
>
> एकाहं जीवितं सेय्यो, पस्सतो अमतं पदं ॥
>
> (सत्य-धर्मलाई नजानी सयवर्ष बाँच्नु भन्दा सत्य-धर्मलाई जानेर बुझेर एकदिन मात्र बाँच्नु उत्तम हो ।)





Downloaded from http://www.dhamma.digital

## ६) कृष्ण



कोही कृष्णप्रति श्रद्धा प्रकट गर्दछन् । तर त्यो श्रद्धा नबुझेर जागेको छ भने कल्याणको कारण हुँदैन । गीतामा कृष्णले भनेका छन् –

अनपेक्षः सुचिर्दक्ष, उदासिनो गतव्यथः। सर्वारम्भ परित्यागी, यो मद्भक्त स मे प्रियः ॥

यो मद्भक्त स मे प्रियः = यस्तो भक्त मलाई प्रिय लाग्छ । कस्तो भक्त त ? जो अनपेक्ष छ अर्थात् जो अपेक्षारहित भइसकेको छ अर्थात् जसको तृष्णा समाप्त भइसकेको छ । यस्तो भक्त हामी हुन सके मात्र भगवानलाई प्रिय हुने रहेछ, पूजाआजा भक्तिभावले मात्र होइन रहेछ भन्ने कुरा 'यो मद्भक्त स मे प्रियः' भनेकोबाट प्रष्टै बुझ्न सकिन्छ ।

सुचि = त्यो भक्त जो शुद्ध भइसकेको छ, जसको चित्त निर्मल भइसकेको छ, त्यस्तो भक्त मलाई प्रिय लाग्छ ।

दक्ष = चित्तको मैल धुने कार्यमा निपुण भएको, समतामा रमण गर्ने र मनको सन्तुलन नगुमाउने भक्त नै मलाई प्रिय लाग्छ ।

अनपेक्ष = अपेक्षारहित, आसक्तिमा नफसेको भक्त मलाई प्रिय लाग्छ ।



Downloaded from http://www.dhamma.digital

सुचिर = काय वाक कर्म शुद्ध भएको, चित्तमा राग, द्वेषरूपी मैल नचढाउने भक्त मलाई प्रिय लाग्छ ।

उदासिनो = समतामा स्थित, पक्षपातरहित, कर्तव्यनिष्ठ भक्त मलाई प्रिय लाग्छ ।

गतव्यथ = सबै प्रकारका व्यथा शान्त भइसकेको, राप तापले मुक्त भक्त मलाई प्रिय लाग्छ ।

सर्वारम्भ परित्यागे = राग द्वेषादिलाई मनमा आरम्भ नै हुन नदिने भक्त मलाई प्यारो लाग्छ ।

यसरी कस्तो भक्त कृष्णलाई प्रिय लाग्छ भन्ने पाठ त गर्दछौं तर आफू भने भगवानलाई प्रिय लाग्ने भक्त बन्दैनौं । मानिसहरू त यस्तो पो भन्छन्, "मलाई त यस्तो भगवान प्यारो लाग्छ जो घण्टी बजाइदिएपछि खुसी हुन्छ । नाम मात्र लिइदिए पनि खुसी हुन्छ र केही वस्तु चढाइदिएपछि खुसी हुन्छ । आसक्ति अनासक्ति भगवानले हेरिराख्ने होइन, राम्रो काम गरे नगरेको हेर्ने होइन, खुसामद गरे पुगिहाल्छ, भगवान त्यसै खुसी भइहाल्छ अनि हामीलाई तारिदिइहाल्छ नि । हामीलाई त यस्तै भगवान चाहिन्छ ।" क्या सस्तो लेनदेन ! सायद, मानिसले आफूलाई मात्र होइन, भगवानलाई पनि धोखा दिंदैछ । आफूलाई आफैले धोखा दिंदैछ, भगवानलाई पनि अन्धो बनाउँदै छ । यसरी कृष्णको पूजा गर्नुको केही अर्थ रहँदैन ।



Downloaded from http://www.dhamma.digital

## ७) राम



शरीरभरि 'राम' 'राम' लेखेर रामको भक्त भएको दर्शाउँछौं । कोही त 'राम राम' लेखेको चादर ओडी रामको अनन्य भक्त भएको प्रमाण पेस गर्दछन् । रामको भक्त हुने तरिका यो होइन । रामको गुणलाई आफूमा पनि उतार्नुपर्दछ । रामको गुण र आचरणको अनुकरण र अनुशरण गर्नु नै सच्चा रामभक्ति हो । सबै नै गुणको अनुकरण गर्न नसके पनि केही अंशमा भए पनि गर्न त सक्नुपर्दछ । धर्म भनेको सम्यक आचरणमा हुन्छ, ओंठे भक्ति र देखौवापनमा होइन ।

दुई भाइ छन् । दुवै रामका भक्त हुन् । दुवै आफूलाई राम भगत भएको ठान्दछन् । तर अलिकति सम्पत्ति वा एक टुका जमिनको लागि आपसमा दुश्मनी गर्दछन्, रक्तपात समेत गर्न हिच्किचाउँदैनन् । त्यही राम हुन् जसले बुबा दसरथको आज्ञानुसार १४ वर्षको लागि वनबास निस्कंदा आफ्नो ताज र सम्पत्ति आफ्ना भाइ भरतलाई सुम्पेर आफू वनबासको लागि जान्छन् । भरतले राज्य सुख भोग्न चाहेनन् र प्रतिकार गर्छन् । 'यो राजपाठ मेरो अधिकारको होइन, तपाईंले नै भोग्नुहोस्'



Downloaded from http://www.dhamma.digital

भनेर पन्छन खोज्छन् तर रामले फकाई फुल्याई भरतलाई मनाउँछन् । भरतले पनि राम फर्केर नआउन्जेल रामलाई नै आदर्श मानी सबै राजपाठ सम्हाली फर्केर आएपछि जस्तोको तस्तै फर्काइदिन्छन् । मुस्कुराउँदै आफ्नो सबै त्यागेर जाने र भएको सबै तिम्रै हो तिमी नै खाऊ भनेर झगडा बिसाउने एक भाइ र कुनै लोभ लालचमा नलागी सम्पत्तिको रक्षा गरेको मात्र नभई सबुत फिर्ता दिलाइदिने अर्को भाइ । यी दाजुभाइको उदाहण अन्त बिरलै भेटिएला । यसबाट हामीले पनि प्रेमको पाठ सिकी दाजुभाइले आपसमा यस्तै प्रकारले मेल देखाउन सके हामी वास्तविकरूपमा रामभक्त बन्नेछौं ।

हाम्रो यहाँ भने दाजुभाइ आपसमा झगडा गर्दछन् । एक बित्ता जमिनको लागि अदालत धाइन्छ, केस लडिन्छ । हामी कस्ता रामको भक्त ! हामी संग्रहको लागि झगडा गर्छौं, तर राम र भरतले भने त्यागको लागि झगडा गरे । रामप्रतिको श्रद्धा खोइ कहाँ गयो ? बाहिरी भक्ति वा देखौवा प्रकृतिको भक्तिले भगवानलाई पनि डुबाउँछ र हामी आफूलाई पनि डुबाउँछ । भक्ति बेठीक तरिकाको भए, धर्म बिचराले के गरोस्, भगवानले पनि के गरोस् ! नादान भक्त आफू पनि भुमरीमा फस्छ र भगवानलाई पनि फसाउँछ ।



Downloaded from http://www.dhamma.digital

फेरि रामलाई 'मर्यादा पुरूषोत्तम' पनि भनिन्छ । रामजस्तो मर्यादापालक अरू भेटिन्न । रामको भक्त भइटोपलेका हामीले आफू पनि मर्यादामा रहन सक्नुपर्छ र मर्यादाको पालन गर्नुपर्छ । उनी पुरूषमा उत्तम हुनाले पुरूषोत्तम हुन् पनि भनिन्छ । हामी आफू पुरूषोत्तम हुन नसके पनि अधम त हुनुभएन, उत्तम बन्न प्रयत्न त गर्नैपर्ने हुन्छ ।

हामी विधिको विधानलाई लत्याउँछौ तर विधिको विधायकलाई खुसी पार्न नानाथरीका हठकण्डा अपनाइरहेका हुन्छौं । भक्ति भनेको निष्काम हुनुपर्दछ । सकाम भक्ति कल्याणकारी सावित हुँदैन, निष्काम भक्ति कल्याणकारी हुन्छ । आराध्य देवदेवीहरू त निमित्तमात्र हुन् । साँच्चै भएका होइनन् । ती शिक्षाका स्रोत हुन् । हामीलाई शिक्षा चाहिएको छ । खोक्रो भक्ति होइन । तिनमा अन्तर्निहित गराइएका गुणलाई आत्मसात गर्नुपर्दछ । अनि जीवन सार्थक पार्न उद्यत रहनुपर्दछ । शिक्षा आवश्यक कुरा हो । भक्ति पनि शिक्षाको लागि नै हुनुपर्छ । भक्ति नै चाहिए शिक्षा प्राप्तिपछिको भक्ति उचित हुन्छ । शिक्षाविनाको भक्तिले भक्तलाई नै गिराउँछ । यसबाट बचौं ।



Downloaded from http://www.dhamma.digital

## ८) कालीमाई



कालीमाईलाई क्रोधले काली भएकीले 'काली' भनियो र क्रोधित हुनाले वा चण्ड स्वभावकी हुनाले 'चण्डी' भनियो । चण्ड स्वभाव हुनु कृष्ण पक्षको प्रतीक हो । क्रोधकै कारणले अन्धीजस्ती भएकै कारणले आफ्नी पति शिवलाई समेत कुल्चन पुगिन् । शिवको अर्थ नै 'मंगल' हो । चण्ड स्वभाव हुनेहरूले आफ्नो मंगललाई पनि पहिचान गर्न नसकी अमंगल निम्त्याइरहेका हुन्छन् । आफ्ना वरिपरि रहेका राक्षसका कारण होस नै गुमाएकी हुन्छन् । यहाँ राक्षस भन्नुको अर्थ हाम्रो मनमा जम्मा भएका विकारहरू हुन् ।

यसकुरालाई सम्झाउन बुझाउन एउटा कहानी दिइएको छ । महिषासुर, रक्तवीज र शुम्भ निशुम्भ भनिने राक्षसहरू वास्तवमा साँच्चैका राक्षस नै नभइकन हाम्रा मनभित्रका राग र द्वेषका प्रतीक हुन् । मनभित्रका विकाररूपी सैन्यले राग र द्वेषरूपी दुई सेनापतिको आदेश पालन गर्दछन् । यिनै दुईको कारणले नै कालीमाईले आफ्नो होस हराइन् । हातमा हतियार लिएकी छिन् । राक्षसहरूमा हतियार चलाउँदा रगत



Downloaded from http://www.dhamma.digital

निस्केर धरतिमा पर्दछ । धरतिमा परेको प्रत्येक रगतको थोपाबाट एउटा एउटा थप राक्षसको सिर्जना हुन्छ । अनन्त रक्तबीज भएर राक्षसहरू प्रकट हुँदैजान्छन् । कालीमाईले राक्षसहरू संहार गर्ने भनेर लामो जिब्रो निकालर रगत भुईंमा पर्न दिन्नन् र रगत चाटिहाल्छिन् । चाटेर पनि नभएकोले रगत भुईंमा पर्न नदिन हातमा एउटा खप्पर लिएकी छिन् । कहिल्यै नभरिने त्यो खप्परमा रगत थापेर आफैले पिई भुईंमा पर्न दिंदैनन् । यसरी आफ्नो सुझबुझले राक्षसका सेनालाई खत्तम पारिन् । यस कथाबाट हामीले प्रज्ञा जगाएर आफ्नो मनमा रहेका ल्केशादि विकारहरूलाई पुनः आरम्भ नै हुन नदिने गरी सफाचट पार्नुपर्दछ र मोक्ष निर्वाणको हकदार बन्नुपर्दछ भन्ने शिक्षा लिनुपर्दछ ।

फेरि यसबाट लिनुपर्ने अर्को शिक्षा के हो भने जिब्रो र खप्पर प्रज्ञाको प्रतीक हुन् । मनमा विकार जागे त्यस विकारको बीउलाई उर्बरा भूमि दिइनु हुँदैन । उर्बरा भूमि पायो भने एकएक थोपा रगतबाट एकएक राक्षस प्रकट भएझैं विकारको सम्बर्द्धनमात्र हुन्छ । उर्बरा भूमिको बदलामा चट्टानमा त्यो बीउ फालिदिएमा त्यसले फल दिन सक्दैन, कालीमाईले खप्परमा रगत थापिलिएर भुईंमा पर्न नदिएझैं हामीले पनि विकारलाई प्रज्ञाद्वारा हटाई पुनः बल्झन नसक्ने गरी प्रहाण गर्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

हामी अज्ञानतावश मनमा पूर्वसंस्कारको फलस्वरूप उठेका राग र द्वेषका बीउहरूलाई उब्जाउ भूमि दिन्छौं । यसरी त विकारहरूको समन हुँदैन, बढोत्तरीमात्र हुन्छ । खप्पर र जिब्रोरूपी प्रज्ञाको उदय भएपछि कालीमाईले सारा राक्षसहरूलाई स्वाहा पारिन् । अब उनी काली नभइकन 'तारा' बनिन्, 'दुर्गा' बनिन् र पूज्य बनिन् । 'दुर्गम बाटो तय गरेकी' भन्ने अर्थमा 'दुर्गा' भनिएको हो । अर्थ नबुझी पूजाको नाममा फूल अक्षताले मात्र पूजा गर्नुको साटो कहानीको प्रतीकात्मक अर्थलाई बुझेर पूजा गरिनुपर्दछ । प्रतीकको रूपमा रहेको गुणलाई नबुझेर भिन्दै अर्थ लगाएर कालीमाई त रगतको प्यासी हुन् भनेर भयको कारणले पूजा अर्चना गर्दछन् । वास्तवमा मूर्तिमा लुकेको भित्री अर्थलाई बुझेर हामीभित्र रहेका राग द्वेषका विकारहरूलाई नै सखाप पार्नुपर्छ भन्ने ज्ञान यसबाट लिनुपर्दछ । यसलाई हामीले हृदयंगम गरेर पूजाआजामा मात्र सीमित  नरहेर आफ्नो कल्याणार्थ शिक्षा ग्रहण गर्नुपर्दछ । शिक्षा पाएपछि व्यवहारमा उतार्नुपर्दछ । पछि भक्तिको प्रबलताको कारण पूजा नै गर्नु परेमा कुनै दोष हुँदैन ।



Downloaded from http://www.dhamma.digital

# ९) यशुख्रिष्ट



यशु सत्य र प्रेमका प्रतिमूर्ति हुन् । त्यस्तो व्यक्तिलाई मानिसले किला ठोकी मारे । त्यसरी सास्ति दिई मारेकोमा पनि उनमा अलिकति पनि द्वेष वा दुर्भावना उब्जेन । मार्नेप्रति मैत्री नै प्रकट गरे । मलाई मार्नेले मारेबापतको कर्मको फल भोग गर्न नपरोस् भनी मैत्री नै दर्शाए । यशुका भक्तहरूले आफूलाई यशुको भक्त हौं त भन्छन् तर उनको गुणलाई धारण गर्दैनन् र आफू प्रेम र सत्यको पुजारी बन्दैनन् । तर पनि उनलाई तिमी ईश्वरको पुत्र हौ भन्ने प्रमाणपत्र थम्याउँछन् । आफूमा सत्य, प्रेम, दयाका गुणहरू विकसित गर्दैनन् । सत्य, प्रेम र मैत्री नै त ईश्वर हो । बरू यिनै गुणहरूको कारणले भन्न सकिन्छ यशु वास्तवमा निश्चय पनि ईश्वरकै पुत्र हुन् ।



Downloaded from http://www.dhamma.digital

## १०) महावीर



महावीर त्यागको प्रतिमूर्तिको रूपमा उभिएको छ । एकजना महावीरका भक्त संगमरमरको मूर्ति बनाई महावीरलाई सुन्दर मन्दिरमा स्थापित गर्दै यसो भन्छ, "अहिलेलाई यति गरिदिएँ । यतिमै सन्तुष्ट हुनु है ? मेरो १० करोडको फैक्ट्री चल्यो भने तिमीलाई एउटा सुनको छाता चढाउँछु ।" यो त महावीरको पूजा भएन, ठाडो घुस दिएको भयो । राजपाठ त्यागेर आफूसँग एक धरो लँगोटीसमेत नराख्ने अपरिग्रही हुनेलाई सुनको छाताको लोभ किन, के का लागि ? थाहै छैन मानिसलाई कि ऊ के गरिरहेको छ, के भनिरहेको छ ? के गरोस् विचरा, परम्परा नै यस्तै चलिरहेको छ – केही वस्तु चढाउने र खुसी पार्ने । के गरोस्, चढाउने कामलाई नै भक्ति मानिन्छ, त्यो पनि बदलामा केही पाउने उद्देश्यले । यो त सरासर बनिया प्रवृति भयो । वास्तवमा गरिनुपर्ने त चढाउने सढाउने होइन, गुणलाई सम्झनुपर्दछ र त्यो गुणलाई धारण र पालन गर्नुपर्दछ ।

महावीरले अहिंसाको पाठ पढाए । हामीले पनि अहिंसाव्रत पालन गर्नुपर्दछ । बुझ्नुपर्ने कुरा के भने राग



Downloaded from http://www.dhamma.digital

र द्वेषको आरम्भ हुन नदिनु र नयाँनयाँ सन्धि बन्न नदिनुलाई नै अहिंसा भनिन्छ । यस कुरालाई नजानी नबुझी वा यस शिक्षाको विरूद्धमा गएर कसरी महावीरप्रति भक्ति गरेको हुन्छ ?

सब्बे तसन्ति दण्डस्स, सब्बे भायन्ति मच्चुनो ।
अत्तानं उपमं कत्वा, न हनेय्य न घातये ।।

(सबैजना दण्डदेखि डराउँछन्, सबै मृत्युदेखि भयभीत हुन्छन्, सबैलाई आफूजस्तै ठानेर, कसैलाई पनि नपिट, नमार ।)



Downloaded from http://www.dhamma.digital

## ११) विजया दसमी मनाइने सम्बन्धमा

दसमीको दिन विजय गरेको सम्झनामा 'विजया दसमी' पर्व मनाइन्छ । कसले के विजय गर्‍यो, के उद्देश्यले विजय गर्‍यो र हामी यसरी पर्व मनाएर उल्लसित हुँदैछौं ? के माथि विजय पाउँदा वास्तविक विजय हुन्छ ? यसबाट हामी आफूलाई के कति लाभ पुग्छ ? यसमा हाम्रो कल्याण हुने आधार के छ ? यी प्रश्नहरू उत्तरित हुनुपर्दछ ।

तर हामी अहिले पौराणिक कहानी र घटनालाई आधार बनाई 'विजया दसमी' पर्व मनाउँछौं । हामी कता लाग्दैछौं, हाम्रो मंगल के मा छ, यसमा हाम्रो ध्यान पुगेकै छैन ।

खासगरी विजया दसमी पर्व मनाइरहेको प्रमुख घटना-आधार त रामचन्द्रले लंकाधिपति रावणमाथिको विजय प्राप्त गरेकोमा उल्लासमय वातावरण बनाई पर्वमा सरिक भइरहेका छौं । रामलाई सत्य-पक्ष र रावणलाई असत्य-पक्ष मानी सत्यको असत्यमाथि विजय भएकोमा हर्ष मानिरहेका हौं । राक्षसी प्रवृतिमाथि दैवी प्रवृतिको जीतमा खुसी भइरहेका हौं । यो त सकारात्मक कुरा नै हो । आसुरी-प्रवृतिको हार अवश्य हुनैपर्दछ । हामीले पनि आफूभित्रको राक्षसी प्रवृतिमाथि विजय पाउनुपर्दछ अनिमात्र हामीले विजया दसमी मनाएको सार्थक हुनेछ ।



Downloaded from http://www.dhamma.digital

'विजया दसमी' मनाउनुको सार्थकताको एउटा प्रसंग सम्राट अशोकसँग प्रत्यक्ष सम्बन्ध छ । सम्राट अशोकले कलिंग देशमा आक्रमण गर्दा लाखौं मानिसहरूको ज्यान गयो । यस्तो विभत्स दृष्य देखेर उनी मर्माहट भए । उनले बुद्ध-शिक्षाबाट धर्म-संवेग पाए ।

यसै दिन उनले हतियार त्यागे । पश्चातापस्वरूप उनले पशु-वध बन्द गरे । पशु वध गरी मनाइने पाड पर्व रोके । पशुको लागि भनेर अलग्गै चिकित्सालय खोले । सिकार खेल्ने, अनावश्यक आमोद -प्रमोद गर्ने, तडकभडक गरेर उत्सव पर्व मनाउने आदिमा प्रतिवन्ध लगाए । बरू उनले धर्मोत्सव मनाए, धर्म-यात्रा चलाए ।

ठाउँठाउँमा यात्रुहरूको सुबिस्ता र सेवाको लागि बाटोको किनारमा रूख रोप्न लगाए, पाटी पौवा बनाए, ईनार कुवा खनाए । परिवारमा अग्रजलाई सम्मान गर्ने सानालाई स्नेह गर्ने बन्धुवान्धवमा प्रेम र सद्‌भावना जगाउने र समाजमा खुसहाली ल्याउने कुरामा आचार-संहिता बनाए । पशु यातना बन्द गरे । यसरी वास्तवमा हिंसालाई अहिंसामा बदल्नु, क्रुरतालाई करूणा वा सद्‌भावनामा बदल्नु, क्रोधलाई सहिष्णुतामा बदल्नु, दमनलाई सेवामा बदल्नु, दुश्मनीलाई मित्रतामा बदल्नुमा नै सच्चा विजय निहित हुन्छ । यसरी नै हामीले पनि नकारात्मक प्रवृतिलाई सकारात्मक प्रवृतिमा बदली विजया दसमी पर्व मनाउनुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

अर्को प्रसंग बुद्धको बोधिज्ञान प्राप्तिको बेलाको सन्दर्भ हो । बोधिज्ञान प्राप्तिको लागि तपस्यामा लीन हुँदा बुद्धलाई ध्यानासनबाट उठाउन दलबलसहित मार देवपुत्र आई अनेक प्रकारले यातना दिन आए तर बुद्ध तसकामस भएनन् । अन्त्यमा मार परास्त भई फर्के । बुद्धले मारमाथि विजय पाए । त्यस्तै गरी हामीले पनि आफूभित्रका राग, द्वेष मोहादि दलबललाई परास्त गर्नुपर्छ र विजया दसमी पर्व मनाउनुको सार्थकता सिद्ध गर्नुपर्छ ।

तर यस्तो हुनुको सट्टा आसुरी प्रवृति हामीमा चढिरहेको छ । त्यतिका संख्यामा निरीह प्राणीहरू बेकसुरमा मारिएका छन् । हामीमा भएका रागादि ल्केश कम गरी निमित्यान्न पार्नुको सट्टा झन पो बढाइरहेका छौं । यसरी त संसारमा आनाजाना भई दुःख भोग गर्ने कम नरोकिने हुन्छ । त्यतिमात्र नभई आफूले आफैलाई अपाय गतिमा खसाल्ने जोहो गरिरहेका हुन्छौं । ती निरीह प्राणीहरू खसी, बोका, हाँस, कुखुरा, भेंडा, च्याङ्ग्रा आदिलाई बली चढाई स्वर्ग पठाउँछु भन्दै आफू नरक झर्नुपर्ने काममा सकिय भइरहेका हुन्छौं । यसरी के को विजया दसमी मनाइ भयो र खै । हामीले यस कुरामा जति छिटो ध्यान पुऱ्याउन सक्यौं त्यति नै छिटो आफ्नो कल्याण हुने मार्गमा पदार्पण गर्नेछौं ।



Downloaded from http://www.dhamma.digital

त्यसैले पनि हाम्रो अभ्यान्तरमा सत्य-ज्ञानको प्रकाश छिर्नुपर्‍यो, हामीले नरकको ढोका बन्द गरी देवलोक, ब्रम्हलोकको ढोका खोल्नुपर्‍यो । अझ त देवलोक ब्रम्हलोकको ढोका पनि बन्द गरी जन्म-मरणबाट मुक्त रहेको अक्षय सुखको अवस्था निर्वाणको ढोका खोल्ने साँचो भेट्टाउनुपर्छ । यसमा नै मानव जीवनको सार छ । हाम्रो प्रयत्न यतातिरै चलाउनुपर्दछ ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

## उपसंहार

माथि वर्णन गरिएका कुराहरूले हामीलाई झक्झकाइदिएको हुनुपर्छ कि हामी कल्याणका लागि भन्दैं देवदेवीहरूमा निर्भर भयौं । मूर्तिहरूले दिइरहेका सन्देशलाई सुन्ने कान मानिसमा भएन, बुझ्ने मन मानिसमा विकसित भएन, गुणलाई आत्मसात गरिएन, बैगुणी भए । गुणधर्मलाई आत्मसात नगरी ओठे भक्ति मात्र गरेर सच्चा भक्तिलाई डुबाए मानिसले ! धर्मलाई अभ्यासमा नल्याई कर्मकाण्डमा मात्र सीमित पारे मानिसले !

हामीले बुझ्यौं कि हाम्रा प्रत्येक आराध्य देवदेवीहरूमा अनेक गुणहरू विद्यमान छन् जुन हाम्रा लागि शिक्षाका स्रोत बनेका छन् । तिनलाई हेरिदिनु मात्र पर्दछ, सुनिदिनु मात्र पर्दछ र बुझिदिनु मात्र पर्दछ । तर यसतर्फ हाम्रो ध्यान पुग्नै सकेको छैन ।

तर वास्तविक धर्म बुझ्ने बुझाउने क्रममा वाधा वा तगाराहरू पनि तेर्सिदिन्छन् । मानिसमा अन्तर्निहित अज्ञानता नै यिनका कारक-तत्वका रूपमा उभिदिन्छन् । ती कारक तत्वलाई पनि चिनौं –

क) धर्मको वास्तविक अर्थ के हो ? सहीरूपले नबुझ्नु वा नबताइनु ।

ख) धर्म किन चाहियो ? धर्मको आवश्यकता सुस्पष्ट



Downloaded from http://www.dhamma.digital

नहुनु वा नगराइनु ।

ग) धर्म कसरी गरिन्छ ? धर्म धारण-पालन गर्ने तरिका नजान्नु वा नबताइनु ।

घ) धर्मको लक्ष्य कसरी हासिल गर्न सकिन्छ ? लक्ष्यबारे अनभिज्ञ हुनु ।

ङ) परम्परालाई आँखा चिम्ली अनुशरण गरिनु वा गराइनु ।

च) कर्मकाण्डमा अनाहक अल्मलिनु वा अल्मलाउनु ।

छ) धर्माधिकारीहरू धर्मसापेक्ष नहुनु, रूढिवादी हुनु ।

ज) धर्मबारे वैज्ञानिक र विश्लेषणात्मक व्याख्या वा विधि नहुनु ।

झ) जिज्ञासा शान्त गरिदिने उपाय नअपनाइनु वा नमाग्नु ।

ञ) धर्म सार्वजनीक नहुनु, साम्प्रदायिक भइदिनु ।

ट) धर्मको नाममा झगडा, कलह र विवाद उत्पन्न हुनु वा गराइनु ।

ठ) धर्मको मर्मलाई बुझ्ने जमर्को वा प्रयास नभइदिनु । इत्यादि . . . ।

यी कारक तत्वलाई क्रमशः हटाउँदै लग्न सकिएमा अवश्य पनि सत्य धर्मको प्रकाश फैलिने छ र मानिसले धर्मभीरू हुनुको साटो धर्मपालक बनी आफ्नो र अर्काको



Downloaded from http://www.dhamma.digital

हितसुखको लागि काम गर्नेछ अनि सुख र शान्तिको फूल हाम्रो घरदैलोमै फुल्नेछन् । कहीं खोज्न जानैपर्दैन । जन्म-मरणको दुःख-वन्धनबाट मुक्ति मिल्दछ । धर्म चाहिएको पनि यसैको लागि हो ।

अन्त्यमा गुण वा शिक्षाको पूजा नगरी मूर्तिको मात्र पूजन गर्नाले यो सिद्ध हुन्छ कि हामीले असल भक्त हुन जानेनौं । हामीले धर्मलाई चिनेनौं । पूजा गर्नुको सही अर्थ जानेनौं । के गर्दा वा के नगर्दा आफ्नो कल्याण हुन्छ, त्यो जानेनौं । हामीले मूर्तिमा मात्र धर्म देख्यौं । सही ज्ञान पाएर सम्यक आचरण गर्नु नै धर्म र कर्म दुवै हो भन्ने कुरा बुझेनौं । हामी धर्मको समीप भएर पनि कोसौं टाढा हुँदै गइरहेका छौं । यसरी त हाम्रो कल्याण कसरी हुन्छ ? यसमा गौर गरौं । यही मेरो पाठकवर्गसँग अपील छ ।

Dhamma.Digital

अस्तु ।

सबै प्राणी सुखी होऊन् र सबैको भलो होस् ।



Downloaded from http://www.dhamma.digital

# जीवनी

पिता - हर्ष राज ताम्राकार

माता - श्रीमाया ताम्राकार

परिवार - ३ छोराहरूमा कान्छो र २ बहिनीहरू

विवाह - श्रीशङ्करलाल ताम्राकार तथा श्रीमती धनमायाकी तृतीय पुत्री सन्त कुमारीसँग

छोरा/छोरी - ३ छोरा ४ छोरी

शैक्षिक योग्यता -सामान्य

भ्रमण - नेपालका प्रमुख शहरहरू लगायत भारत/थाईलायण्ड तथा सिङ्गापुर

धार्मिक यात्रा-हरिद्वार, गंगोत्री, यमनोत्री, बद्रीनाथ, केदारनाथ, गया, काशी तथा बाटामा पर्ने ३ दर्जन भन्दा बढी तीर्थस्थलहरू

रूची - ध्यान, दैनिक गीता पाठ, धार्मिक प्रवचन श्रवण, कीर्तन तथा सत्संगप्रति गहिरो अभिरूचि

वि सं २०४३ सालतिर श्रीमतीको मृगौला निष्कृय भएको लक्षण देखेपछि सम्बन्धित डाक्टहरूको परामर्श लिई उपचारार्थ दिल्ली र भेल्लोर पुग्नुभयो । मृगौला सम्बन्धीको रोग भरखर भरखर मात्रै मानिसहरूमा परिचित हुँदै आएको बखत केहिसमय अन्यौलमा पर्नुभयो र २ वर्षसम्मको नियमित औषधोपचारद्वारा पनि सन्तोषजनक सुधार नआएछि डाक्टरहरूको सल्लाह बमोजिम हेमोडायलासिस उपचार सुरू गराउनुभयो । यो प्रकृया करीब ३ वर्षसम्म चल्यो र अन्त्यमा २०४८ साल पौष महिनामा प्रियसीलाई मृगौला प्रत्यारोपण गराउन मद्रास लग्नुभयो । अस्वस्थ पत्नीको वियोग र मानसिक तनावले होला प्रभात गमनमा निस्किदा हिन्दमहासागरको पूर्वी किनारमा एकदिन उहाँलाई मधुमेह रोगको पहिलो झट्का लाग्यो र बेहोस हुनुभयो । तत्काल आवश्यक



Downloaded from http://www.dhamma.digital

उपचारार्थ अस्पताल लगियो । एक हप्तासम्मको होशियारी पूर्वकको स्वास्थ्य उपचारपश्चात स्वास्थ्यमा निकै सुधार आयो । ६३ औं वसन्त पार गरिसकेपछिको त्यही बेलादेखि नियमित औषधी सेवनको क्रम उहाँको जीवनमा प्रारम्भ भयो । प्रियसीलाई होशियार पूर्वक मृगौला प्रत्यारोपण गराउनुभयो । उहाँले आफनी अर्धाङ्गीनीको स्वास्थ्य लाभको निमित्त गर्नुपर्ने केही अंश बाँकी रहनदिनु भएन । उ — फ ! भगवानको लीला पूर्वनिर्धारित हुँदो रहेछ क्यारे दुर्भाग्यवस उहाँलाई आफनै छायाँले सदाकै लागि छाडिदियो ।

पत्नी शोकबाट उहाँ निक्कैनै बिचलित हुनुभयो । दशकौंदेखि ध्यान, दैनिक गीता-पाठ, धार्मिक प्रवचन श्रवण, कीर्तन तथा सत्संगप्रति गहिरो अभिरूची हुनाका कारण उहाँले स्वयंलाई सम्हाल्नु भयो । वियोगान्त पश्चात शेष जीवनमा ध्यान, दैनिक गीता-पाठ, प्रवचन-श्रवण, तथा सत्संगप्रतिनै अधिक समय व्यतित गर्नुभयो साथै प्राध्यापक श्रध्येय श्री शिवगोपाल रिसाल ज्यूको सान्नेध्यताले उहाँमा अझ उर्जा थपिन पुग्यो । स्कूटरबाट कहिले बूढानीलकण्ठ पुग्नुहुन्छ त कहिले धार्मिक प्रवचन-श्रवण । यस प्रकार व्यस्त पुत्रहरूको समयको कदर गर्दै स्कूटरबाट आफै गन्तव्य तर्फ पुग्नु हुन्थ्यो । समय वित्दै गयो यसै प्रकार शारीरिक अंग सिथिल हुने क्रममा २०५३ सालतिर बि. एन. बि. हस्पिटलमा डा. अशोक बाँस्कोटाज्यूको नेत्रित्वमा उहाँको घुँडाको हाड प्रत्यारोपण गरियो ।

समय-चक्र अपरम्पार छ । आफ्नी धर्मपत्नीको निष्कृय भएको मृगौलालाई सकृय तुल्याउने क्रममा ५ वर्षसम्म अथक असफल प्रयास गरिसक्नु भएपछि दुर्भाग्यवस त्यहि मृगौलाको निष्ठुरी रोगले उहाँलाई पनि पछ्यायो । करिव २ वर्ष सम्मको पिडा मिश्रित उपचार पश्चात सोहि क्रममा उहाँको शरीर गतः २०६७ साल पौष १८ गते रविबार किस्ट मेडिकल कलेज अस्पतालमा सदाको लागि शान्त हुनुभयो ।



Downloaded from http://www.dhamma.digital

# दिवंगत रामराज ताम्राकारमा "निर्वाण-कामना" गर्ने प्रकाशिकाको परिवार



निर्मला ताम्राकार
(प्रकाशिका)



जयराम ताम्राकार
(श्रीमान)



निर्जला ताम्राकार (राईट)
(छोरी)



डायन राईट
(ज्वाई)



निपुणराम ताम्राकार
(छोरा)

Downloaded from http://www.dhamma.digital

"अनिच्चावत संखारा उप्पादवय धम्मिनो"

(संस्कारहरू सबै अनित्य हुन् । बन्नु-बिग्रनु, जन्मनु-मर्नु,
उत्पन्न हुनु र विनास हुनु तिनको स्वभाव- धर्म नै हो । )



**दिवंगत शान्तकुमारी ताम्राकार**

जन्मः वि.सं. १९९३ आश्विन शुक्ल अष्टमी

दिवंगतः वि.सं. २०४८ माघ शुक्ल चौथी

Downloaded from http://www.dhamma.digital